# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक १८८ | काठमाडौं | शनिबार, २२ कात्तिक २०८२ | Prabhab National Daily | Saturday, 08 November 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com


## सुविधा कटौतीले सरकार–संसद्बीच टकराव



■ प्रभाव संवाददाता

- परामर्शविनै सरकारले सुविधा कटौती गरेकोप्रति आक्रोश
- प्रदेश कानुनका व्यवस्था संघीय सरकारले हटाउन नमिल्ने जिकिर
- मन्त्रिपरिषद्को निर्णयले कानुनका प्रावधान कार्यान्वयनमासमेत रोक लगाएकाले पुनरावलोकन हुनुपर्ने
- खर्च कटौतीअन्तर्गत सरकारले गरेको निर्णयबाट संघीय संसद्अन्तर्गतका ३३२ र प्रदेशसभाअन्तर्गतका ५४३ गरी ८७५ सांसदको स्वकीय सचिवको सुविधा खारेज

**काठमाडौं–** संघीय संसद् तथा प्रदेशसभाका पदाधिकारी तथा सांसदहरूको सुविधा कटौती गर्ने सरकारको निर्णयले सरकार र संसद्बीच टकराव सिर्जना गरेको छ। संघीय संसद र प्रदेशसभाका सभामुखहरूको शुक्रबार बसेको बैठकले सरकारको उक्त निर्णय पुनरावलोकनको माग गरेको छ।

गत असोज ५ गतेको मन्त्रिपरिषद् बैठकले अनुत्पादक खर्च कटौती तथा मितव्ययिता कायम गर्नेबारे विभिन्न निर्णय गरेको थियो। जुन निर्णय नेपाल सरकारका सबै मन्त्रालय तथा निकाय, प्रदेश सरकार तथा सबै स्थानीय तहमा लागू हुने भनिएको छ।

सोही निर्णयका आधारमा सरकारले संघीय संसद्का पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधासम्बन्धी ऐन २०७३ को दफा २५ को अधिकार प्रयोग गर्दै अनुसूचीमा हेरफेर गरेको थियो। जसमा संसद्का पदाधिकारीअन्तर्गत रहेका प्रतिनिधिसभाका उपसभामुख र राष्ट्रिय सभा उपाध्यक्ष, संसदीय विषयगत समितिका सभापति, मुख्य सचेतक र सचेतक तथा सांसदहरूको स्वकीय सुविधा खारेज हुन पुगेको थियो।

सरकारको उक्त निर्णयले संघीय संसद्अन्तर्गतका ३३२ र प्रदेशसभाअन्तर्गतका ५४३ गरी ८७५ सांसदको स्वकीय सचिवको सुविधा खारेज भएको छ। सरकारले संसद्सँग परामर्श नै नगरी एकतर्फी सुविधा खारेज गरेपछि टकरावको स्थिति बनेको हो। यही विषयमा छलफल गर्न शुक्रबार सिंहदरबारमा सभामुखहरूको बैठक बसेको हो। संघीयसहित प्रदेशसभाका सभामुखहरूको बैठकले प्रदेश कानुनमा भएका व्यवस्थालाई संघीय सरकारले हटाएको विषयलाई पुनरावलोकन गर्न अनुरोध गरेको छ।

प्रतिनिधिसभाका सभामुख देवराज घिमिरेको आमन्त्रणमा सातवटै प्रदेशसभाका सभामुखहरू बैठकमा सहभागी थिए। संघीय सरकारको सो निर्णयले विधिको शासन कायम नहुने स्थिति बनेको निष्कर्ष बैठकले निकालेको छ।

'मिति २०८२ असोज ५ गतेको नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयले कानुनमा व्यवस्था भएका प्रावधान कार्यान्वयन गर्न निर्देशन भनेकोमा उक्त निर्णय/निर्देशनले कानुनका प्रावधान कार्यान्वयनमासमेत रोक लगाएकाले पुनरावलोकन हुनुपर्ने,' बैठकको निष्कर्ष छ।

यसैगरी दोस्रो निष्कर्षमा 'व्यवस्थापिकातर्फका माननीय सदस्य एवं पदाधिकारीहरूको स्वकीय सचिवालय नै खारेज गर्ने गरी संसद् तथा पदाधिकारीहरूको सेवा-सुविधासम्बन्धी ऐन, २०७३ को दफा २५ प्रयोग गरी अनुसूची संशोधन गरिएकाले तत्काल पुनरावलोकन गरी यथावत कायम गर्नुपर्ने' उल्लेख छ।

बैठकले जेन-जी प्रदर्शनका क्रममा राष्ट्रिय सभा, प्रतिनिधिसभा, प्रदेशसभामा भएको क्षति आकलन गरी तत्काल...

क्रमशः पृष्ठ २ मा

## विवादको भूमरीमा कांग्रेस

- महाधिवेशनको कार्यतालिका कोही मंसिरमा गरौं भन्ने कोही पुसमा, कोही वैशाखमा त कोही जेठमा
- कसैको विशेष महाधिवेशन माग्दै ५४ प्रतिशत हस्ताक्षरको अवमूल्यन नगर्न चेतावनी, कोही भन्छन्- हस्ताक्षर 'फेक', कारबाही गरौं
- सभापतिबाट शेरबहादुर देउवालाई हटाउन भनेर लागेको केन्द्रीय समिति देउवा नहुँदा राजनीतिक निर्णय लिन नसकेर अन्योलमा



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली कांग्रेस विघटित प्रतिनिधिसभाको पहिलो दल हो। जेन-जी आन्दोलनपछि सडकमा आइपुगेको कांग्रेस यतिबेला केन्द्रीय समितिमा घनिभूत छलफलमा जुटेको छ।

जेन-जी विद्रोहको पहिलो माग हो, पुरानो नेतृत्वलाई हटाउनु। कांग्रेसमा विगत २० वर्षदेखि राज गरिरहेका शेरबहादुर देउवालाई जसरी पनि हटाउनुपर्ने माग पार्टीमा उठिरहेको छ। विधानतः मंसिरमा निर्वाचन भए देउवा सभापतिबाट स्वतः हट्ने छन्। तर कांग्रेस महाधिवेशन गर्ने भन्दा पनि नियमित कि विशेष महाधिवेशन गर्ने भनेर विवादमा फसेको छ।

### महाधिवेशन कार्यतालिका फरक-फरक

केन्द्रीय समितिमा आधिकारिक कार्यतालिका पेस हुन नसकेपछि महामन्त्री गगन थापा र सहमहामन्त्री महेन्द्र यादवले फरक-फरक कार्यतालिका पेस गरेका छन्। असोज २८ गतेबाट सुरु भएको बैठकमा झण्डै २० दिनपछि महामन्त्री थापाले पुस १६ देखि नियमित महाधिवेशन गर्न सकिने भन्दै प्रस्ताव पेस गरे। थापाको काउन्टरमा संस्थापनपक्षले वैशाख २७ देखिमात्र महाधिवेशन गर्न सकिने प्रस्ताव अघि सार्‍यो। यी दुवै प्रस्तावलाई कार्यवाहक सभापति पूर्णबहादुर खड्काले व्यक्तिगत भनेका छन्।

### कोही छेउ भन्ने, कोही कुना

कांग्रेसमा अहिले महाधिवेशन सकेर निर्वाचनमा जानुपर्ने र निर्वाचन सकेरमात्र चुनावमा जानुपर्ने भन्नेबीच घमासान चलिरहेको छ। संस्थापनपक्षका अधिकांश निर्वाचनपछि मात्र महाधिवशेन गर्नुपर्ने जोड गरिरहेका छन्। संस्थापनइतर भने निर्वाचनअघि नै महाधिवेशन सम्पन्न गर्नुपर्ने पक्षमा छ।

सरकारले फागुन २१ गतेका लागि निर्वाचन तोकेको छ। निर्वाचनमा जाने कि नजाने भन्नेबारेमा कांग्रेसले बहस चलाएको छैन। तर महाधिवेशनको बारेमा चर्काचर्की छ। महामन्त्रीद्वय थापा र विश्वप्रकाश शर्मा पुसको १६ मा महाधिवेशन गर्नुपर्ने पक्षमा छन्। संस्थापनइतरका नेता डा. शेखर कोइराला पनि पुस मसान्तभित्र नयाँ नेतृत्व लिएर निर्वाचनमा जानुपर्ने धारणा राख्छन्। 'हामीले निर्वाचनमा नयाँ नेतृत्व लिएर जानैपर्छ। म पहिल्यैबाट नियमित महाधिवेशनको पक्षमा छु,' कोइरालाले भने।

### 'देशलाई चुनौतीबाट निकाल्ने नेतृत्व दिनुपर्छ'



कांग्रेस प्रवक्ता डा. प्रकाशशरण महत देश संकटको बेला व्यक्तिगतरूपमा उत्रन नहुने धारणा राख्छन्। 'आज देश संकटमा छ, हाम्रो पार्टी संकटमा छ, लोकतन्त्र संकटमा छ, हामी व्यक्तिगतरूपमा पनि संकटमा छौं,' शुक्रबारको केन्द्रीय समितिमा उनले भने।

महतले महासमितिको बैठकमा सम्पूर्ण बहस ८४ को निर्वाचनमा गठबन्धन गर्ने नगर्ने भन्ने विषयमा केन्द्रित र अहिले केन्द्रीय समितिको छलफल विशेष महाधिवेशन कि महाधिवेशन भन्नेमै सीमित भएको बताए। 'राष्ट्रिय मुद्दामा छलफल नै भएन, यो दुर्भाग्यपूर्ण हो,' महतले भने।

उनले संकटको कारण, समाधान र पार्टीको नेतृत्वदायी भूमिकाबारे छलफल हुनुपर्नेमा त्यो हुन नसकेको तर्क अघि सारे।

क्रमशः पृष्ठ २ मा

### कोही गगनको पक्षमा, कोही चर्को विरोधमा

कांग्रेस सहमहामन्त्री फरमुल्लाह मन्सुरले महामन्त्री गगन थापालाई सभापति बनाएर प्रधानमन्त्रीको रूपमा अघि सार्नुपर्ने माग गरेका छन्। बुधबारको केन्द्रीय समितिमा मन्सुरले अहिले देशले खोजेको नेता गगन भएको बताउँदै चुनावी कमाण्डर उनैलाई तोक्नुपर्ने बताएका हुन्। 'बाहिरको मत गगनकै पक्षमा देखिन्छ। अब उहाँलाई सभापति बनाएर प्रधानमन्त्रीको उम्मेदवार बनाए कांग्रेसले जित्छ, हामी पनि जित्छौं,' मन्सुरले भने।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

## बोर्ड स्थापनायता विदेशमा मृत्यु भएका करिब १५ हजार श्रमिकका परिवारलाई आर्थिक सहयोग

■ प्रभाव संवाददाता




**काठमाडौं–** पछिल्लो १७ वर्षमा वैदेशिक रोजगारीका क्रममा मृत्यु भएका झण्डै १५ हजार श्रमिकका परिवारले आर्थिक सहायता लिएका छन्। वैदेशिक रोजगार बोर्ड स्थापनाकालयता विभिन्न देशमा मृत्यु भएका १४ हजार ८४३ जना श्रमिकका परिवारले सहायता लिएको बोर्डको प्रतिवेदनले देखाएको छ।

पछिल्ला वर्षहरूमा मृतकका परिवारले आर्थिक सहायता लिने क्रम पनि बढेको छ। सबैभन्दा कम सहायता आर्थिक वर्ष २०६५/६६ मा ७८ मृतकका परिवारले लिएका थिए। त्यसयता यस्तो संख्या निरन्तर रूपमा बढेको पाइन्छ। आव २०८१/८२ मा सबैभन्दा धेरै एक हजार ५४४ जनाका परिवारले सहायता लिएका थिए। पछिल्लो वर्षमा बोर्डले दिने सेवाको विषयमा जानकारी विस्तार भएको र रोजगारीमा जानेहरूको संख्या पनि बढ्दै गएकाले आर्थिक सहायता लिने संख्या बढेको बोर्डको भनाइ छ।

यसै अवधिमा रोजगारीमा गएर बिरामी र अंगभंग भएका तीन हजार ९२४ जनाले आर्थिक सहायता लिएका छन्। यसरी सहायता लिनेको संख्यामा पनि वृद्धि भएको पाइन्छ। आव २०६५/६६ मा सबैभन्दा कम आठ जनाले सहायता लिएका थिए भने अघिल्ला दुई आर्थिक वर्षमा यस्तो सेवा लिने संख्या बढी छ। २०८०/८१ मा ६५३ र २०८१/८२ मा सबैभन्दा बढी ८६७ जनाले सहायता लिएको तथ्यांक छ।

बोर्डले यस अवधिमा छ हजार ८५३ जनाको शव मृतकको घरसम्म ढुवानी गरिदिएको छ। त्यस्तै, एक हजार ८६७ वटा शव विभिन्न मुलुकबाट झिकाइदिएको छ। रोजगारीमा गएका कामदारको मृत्यु भएकाहरूको आर्थिक, कानुनीलगायतका कारण शव झिकाउन समस्या भए बोर्डले झिकाइदिने गरेको छ। त्यस्तै रोजगारीका क्रममा कानुनी सजाय पाएको, बेपत्ता भएको या विभिन्न समस्याले स्वदेश फर्किन समस्या भएका कामदारको उद्धार तथा खोजतलास पनि बोर्डले गर्दै आएको छ। १७ वर्षको अवधिमा एक हजार ५४ जनाको उद्धार तथा खोजी भएको बोर्डको प्रतिवेदनमा उल्लेख छ।

क्रमशः पृष्ठ २ मा

## आजबाट अनलाइनबाटै पुनः श्रम स्वीकृति

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगार विभागले आज (शनिबार) बाट अनलाइनबाटै पुनः श्रम स्वीकृति दिने भएको छ। विभागले एक सूचना जारी गर्दै आकस्मिक सेवाबाट प्रदान गरिँदै आएको श्रम स्वीकृति आजबाट बन्द भई नियमितरूपमै दिइने जानकारी गराएको छ।

विभागमा विभिन्न चाडपर्व र बिदाका कारण पुनः श्रम स्वीकृति लिनेहरूले टिकट एवं आकस्मिक परेको प्रमाण राखेको निवेदन दिएपछि आकस्मिक सेवाबाट श्रम स्वीकृति लिने गरेका थिए। हाल उक्त अवस्था नरहेको र कार्यालयमा उपस्थित भएर श्रम स्वीकृति लिंदा श्रम स्वीकृति शाखामा चाप बढेको भन्दै अनलाइनबाटै छिटो छरितोरूपमा सेवा प्रदान गर्ने जनाएको छ। साथै, विभागले श्रम स्वीकृति पाइसकेपछि मात्र टिकट काट्न आग्रह गरेको छ।

## एकता समितिले हस्तान्तरण गर्‍यो नवनिर्मित प्रहरी प्रभाग



**काठमाडौं (प्रस)–** नेपाल वैदेशिक रोजगार व्यवसायी एकता समितिले गोंगबु नयाँ बसपार्कस्थित प्रहरी प्रभाग पुनर्निर्माण गरी हस्तान्तरण गरेको छ। गत भदौ २३ र २४ गतेको जेन-जी आन्दोलनका क्रममा क्षतिग्रस्त भवनको पुनर्निर्माण सम्पन्न गरी शुक्रबार हस्तान्तरण गरिएको हो।

कार्यक्रममा काठमाडौं उपत्यका प्रहरी कार्यालय रानीपोखरीका प्रहरी अतिरिक्त महानिरीक्षक दानबहादुर कार्की र एकता समितिका अध्यक्ष हरिबहादुर पाण्डेले उक्त भवनको संयुक्तरूपमा उद्घाटन गरे। जेन-जी आन्दोलनबाट उक्त प्रभागको एक तले भवन पूर्णरूपमा क्षतिग्रस्त भएको थियो। दसैं अघिबाटै निर्माणको काम थालेको समितिले २३ लाख रूपैयाँ लागतमा दुई तले बनाएर हस्तान्तरण गरेको जानकारी दिएको छ।

'विगतदेखि नै हेर्नुहुन्छ भने समितिले व्यवसायका साथै सामाजिक उत्तरदातित्वअन्तर्गतका कामहरू पनि गर्दै आएको छ। यो चाहिँ सामाजिक दायित्व बोध गर्दै शान्ति सुरक्षाको क्षेत्रमा सहयोग गरेको हो,' पाण्डेले भने। यसका साथै जेन-जी आन्दोलनले क्षति पुर्‍याएका सुकेधारा र बसुन्धराको प्रहरी चौकी पनि समितिले मर्मतसंहार गरिदिएको छ।

पृष्ठ १ बाट क्रमशः

## विवादको...

उनी संस्थापनमा देउवा गुटका नेता हुन् । कोशी प्रदेशका कांग्रेस सभापतिले भने कोही नेताले कसैको जितको जिम्मेवारी लिन नसकिने बताएका छन् । गगनले कांग्रेसलाई भोट नै दिँदैनन् भनेर गलत खालको भाष्य स्थापना गरेर पार्टीलाई ड्यामेज गरेको उनको आरोप छ । 'कसैले प्रमाणित गर्दिनुस्, ग्यारेन्टी दिनुहोस् हाम्रो नेतृत्वमा भोट आउँदैन भनेर । हामी राजीनामा दिन तयार छौं,' उद्धव थापाले बिहीबार भने, 'भोट कसले हाल्छन्, कसले हाल्दैनन् भनेर ठेक्का लिइदिने को छन् ?'

### हस्ताक्षर 'फेक' भएको आरोप

कांग्रेसमा विशेष महाधिवेशनको मागसहित ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिहरूको हस्ताक्षर पुगेको छ । ४० प्रतिशत केन्द्रीय सदस्यले यसरी महाधिवेशन माग गरेमा केन्द्रीय समितिले तीन महिनाभित्र विशेष महाधिवेशन गर्नैपर्छ । हस्ताक्षरमा अगुवाइ गरेका केन्द्रीय सदस्य मधु आचार्यले मंसिर २४ मा विशेष महाधिवेशन गर्न सकिने प्रस्ताव शुक्रबारको केन्द्रीय समितिमा राखे ।

'नेपाली कांग्रेसको विधानमा व्यवस्था भएको धारा १७ (२) अनुसार मंसिर २४ गते जुन दिन मंगलादेवी सिंहको जन्मजयन्ती पर्छ । त्यस दिनबाट सुरु हुने गरेर विशेष महाधिवेशन आयोजना गरौं,' आचार्यले बैठकमा भने ।

अर्का केन्द्रीय सदस्य कल्याण गुरुङले भने हस्ताक्षर 'फेक' आएकोले यस्ता नेतालाई कारबाही गर्नुपर्ने माग राखे । सानेपामा जारी केन्द्रीय समिति बैठकमा बोल्दै गुरुङले विशेष महाधिवेशनको माग गर्दै फेक हस्ताक्षर ल्याइएको आरोप लगाएका हुन् । 'विशेष महाधिवेशनको माग गरेर फेक हस्ताक्षर गर्नेहरूलाई अनुशासन समितिले कारबाही गरेर पार्टीबाट निकाल्नुपर्छ,' गुरुङले भने ।

■■■

## देशलाई ...

महतले आफूमाथि पार्टीभित्रैबाट चरित्र हत्या भएको उल्लेख गर्दै गलत भाष्य बनाएको गुनासो गरे । 'प्रतिस्पर्धा विपक्षीसँग हुनुपर्ने हो, तर हामी आफ्नैभित्र कसलाई कमजोर पार्ने, हटाउने भन्ने खेलमा लागेका छौं,' उनले भने ।

उनले अहिले महाधिवेशन र विशेष अधिवेशनको बहसभन्दा पार्टीको ध्यान अब राष्ट्रिय निर्वाचनमा केन्द्रित हुनुपर्नेमा जोड दिए । 'अधिवेशन अहिले कि पछि भन्ने बहसभन्दा पहिले देशलाई चुनौतीबाट निकाल्ने नेतृत्व दिनुपर्छ,' महतले भने, 'फागुनमा चुनाव भयो भने कांग्रेस एकढिक्का भएर जानुपर्छ, भएन भने महाधिवेशनको वैकल्पिक समयसीमा तय गरौं ।'

सभापति देउवा खड्कालाई कार्यवाहक दिएर सिंगापुर उडेका छन् । उनै देउवालाई हटाउन भन्दै महाधिवेशनको तयारीमा लागेको कांग्रेस नेताहरू निर्णयमा पुग्न भने मुस्किल देखिन्छ । कांग्रेस केन्द्रीय समिति जारी छ । केन्द्रीय समितिमा रहेका १६७ जनामध्ये शुक्रबारसम्ममा १२० जनाले धारणा राखिसकेका छन् ।

■■■

## सुविधा...

वैकल्पिक व्यवस्थामार्फत सभा सञ्चालन गर्ने वातावरण बनाउन र पुनर्निर्माण अघि बढाउन सरकारसँग आग्रह गरेको सभामुख घिमिरेका प्रेस सल्लाहकार शेखर अधिकारीले जानकारी दिए ।

उनका अनुसार बैठकले प्रदेश संरचना/संस्थाको सुरक्षाका लागि विशेष सुरक्षा व्यवस्थापन गर्न सरकारलाई अनुरोध गर्ने निर्णय गरेको छ । जनप्रतिनिधिलाई जनसेवामा सहजीकरण गर्न स्वकीय सचिवालय, भौतिक स्रोतसाधनसहितको कार्यकक्ष र आवश्यक सुविधा व्यवस्थापन गर्न अध्ययन गर्नुपर्ने निष्कर्ष निकालेको छ ।

बैठकमा सभामुख घिमिरेसहित राष्ट्रिय सभा अध्यक्ष नारायणप्रसाद दाहाल, उपसभामुख इन्दिरा राना, राष्ट्रिय सभा उपाध्यक्ष विमला घिमिरे, प्रदेशसभाका सभामुखहरू र उपसभामुखलगायत सहभागी थिए ।

■■■

## बोर्ड...

पछिल्लो पाँच वर्षमा बोर्डले ४५ हजार २४४ जनालाई निःशुल्क सीपमूलक तालिम दिएको छ । सबैभन्दा बढी तालिम २०८१/८२ मा १९ हजार ८६९ जनालाई दिइएको थियो । बोर्डले आव २०७७/७८ मा चार हजार ५२, आव २०७८/७९ मा पाँच हजार ८९, आव २०७९/८० मा एक हजार २२१ र आव २०८०/८१ मा छ हजार १३ जनालाई तालिम दिएको थियो ।

वैदेशिक रोजगारीमा जानेलाई सीपयुक्त बनाउने उद्देश्यले दिँदै आएको तालिमको प्रभावकारितामाथि भने प्रश्न उठ्दै आएको छ । चालु आव २०८२/८३ मा भने बोर्डले दिने तालिमको अवधिलाई बढाएर ३९० घण्टाको पुयाऱ्याउने योजना बनाइएको छ । यसपटक संख्यालाई भन्दा गुणस्तरमा ध्यान दिनका लागि सात हजार जनालाई तालिम दिने र त्यसको परीक्षण, प्रमाणीकरण र मान्यता पनि प्रदान गर्ने गरी तयारी गरिएको बोर्डका निर्देशक वसन्तबहादुर बोहोराले बताए ।

बोर्डले २०७९ चैत्र १५ गतेबाट दिन सुरु गरेको टेलिमेडिसिन सेवाबाट हालसम्म आठ हजार ५७९ जनाले सेवा लिएका बोर्डले जनाएको छ । त्यस्तै २०७५ को चैतबाट सञ्चालनमा रहेको श्रमाधान कल सेन्टरमा हालसम्म ९५ हजार ६७ जनाले समस्या राखेकामा ३३ हजार ४३० समस्या समाधान भएको बोर्डले सार्वजनिक गरेको विवरणमा उल्लेख छ । कतिपय एउटै व्यक्तिको फलोअप कल भएको, कतिपय फोनबाट समाधान गर्न नसकिने समस्या र कतिपय फलोअपमा रहेकाले समाधानको संख्या काम देखिएको बोहोराले बताए ।

वैदेशिक रोजगार ऐन र नियमावलीमा समसामयिक सुधार हुन नसक्नु, बोर्डको कार्यक्षेत्र र जिम्मेवारीमा विस्तार गर्न जनशक्तिको अभाव, कल्याणकारी काममा हुने खर्चमा बृद्धि, पूर्णरूपमा अनलाइन प्रणलीमा आधारित सेवा दिन नसक्नु, बैंक तथा वित्तीय तरलता र वैदेशिक रोजगारबाट फर्किएकाहरूको एकीकृत तथ्यांक नहुनुजस्ता समस्या चुनौतीको रूपमा देखापरेको बोर्डले औंल्याएको छ ।

■■■

## कम्पनीको नाम परिर्वतन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८२/०७/२२ गते**

यस कम्पनीको मिति २०८२/०६/३१ को साधारण सभा/विशेष साधारण सभाको निर्णय बमोजिम साविकको नाम **ब्रदर्श बम्जन कन्स्ट्रक्सन (Brother Bamjan Construction)** (दर्ता नं. २८७७१३) को नाममा रहेको चल-अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण दायित्व परिवर्तित कम्पनी **ब्रदर्श बम्जन कन्स्ट्रक्सन प्रा.लि. (Brothers Bamjan Construction PVT.LTD )** ले सकार्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराउँछौ ।

## ब्राईट ह्युमन रिसोर्स प्रा.लि. को सूचना

यस काठमाडौं ब्राईट ह्युमन रिसोर्स प्रा.लि. कम्पनी (द.न.१३९८/०७४/०७५) हाल वैदेशिक रोजगार विभागबाट काम कारवाही रोक्का रहेको अवस्थामा पनि वर्ष ४९ को **मन कुमार लिम्बु** (ना.प्र.न. १०४/४८३१५) ले यस प्रा.लि. को नाम लिँदै विभिन्न प्रलोभन देखाई विभिन्न व्यक्तिहरूसँग रकम असुल गरेको भन्ने सूचना प्राप्त भएको हुँदा निज व्यक्तिसँग यस प्रा.लि.को नाम जोडेर कुनै पनि कारोबार नर्गन अनुरोध गरिन्छ । साथै निज व्यक्ति यस प्रा.लि. सँग विगत १ वर्षदेखि कुनै पनि सम्बन्ध नरहेको जानकारी गराइन्छ ।

## नेपाल होस्टल एशोसिएसन (NeHA)

जिल्ला कार्यसमिति, काठमाडौं, नेपाल, ०१-५९१३९१२

**साधारणसभा सम्बन्धि पुनः सूचना**

नेपाल होस्टल एशोसिएसन **(NeHA)** काठमाडौं जिल्ला कार्यसमितिको एघारौं बार्षिक साधारणसभा तथा अधिवेशन निम्न मिति, समय र स्थानमा गरिने हुँदा सम्बन्धित सम्पूण सदस्यज्यूहरुमा जानकारी सहित उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ ।

**नोट :** २०८१/०८२ सालको होस्टल नविकरण गर्न छुट्नु भएका व्यवसायीज्यूहरुलाई कार्तिक ३० गते सम्म म्याद थप गरिएकाले आफ्नो सदस्यता नविकरण गर्न अनुरोध गरिन्छ । साथै प्यान नंबर अनिवार्य गरिएको छ । अन्यथा प्रतिनिधि मान्य हुने छैन ।

**मिति :** २०८२ मंसिर ६ गते, शनिबार
**समय :** बिहान ११:०० बजे
**स्थान :** काठमाडौं बैंक्वेट प्रा.लि., थापागाउँ, नयाँ बानेश्वर

**कार्यक्रम :**

- अध्यक्ष बाट मन्तब्य प्रस्तुत छलफल तथा अनुमोदन ।
- सचिव बाट प्रतिवेदन प्रस्तुत छलफल तथा अनुमोदन ।
- कोषाध्यक्ष बाट आय-व्यय प्रस्तुत छलफल तथा अनुमोदन ।
- नयाँ कार्यसमिति चयन ।
- विविध ।

**सचिव**
**सपना भट्टराई**

**अध्यक्ष**
**भोजिन्द्र श्रेष्ठ**

## मोटरसाइकल हरायो

मिति २०८२/०७/२० गते दिउँसो १५:३० देखी १६:०० बजेबीच कामनपा-०३ बसुन्धरास्थित थापा कम्प्लेक्स काठमाडौं सडक किनारामा पार्किङ गरी राखेको अवस्थामा रोयल इन्फील्ड कम्पनीको क्लासिक ३५० सिसिको Stealth Black कलरको मोटरसाइकल हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**नामः सुदेन गुरुङ**
**बाइक नं. :बा.प्र.०२-०५८ प ३०२४**
**च्यासिस नं.:** ME3J3C5FESN000172
**इन्जिन नं.:** J3A5FES2013139
**सम्पर्क नं.: ९८२३२१४४४२**

## दावी विरोध सम्बन्धी वैदेशिक रोजगार विभाग, काठमाडौंको सूचना

**प्रकाशित मिति : २०८२/०७/२१**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजत प्राप्त संस्था श्री **YUSHO GLOBAL PVT.LTD.** (इ.प.नं. 1182/073/74) ले यस विभाग समक्ष सुनसरी जिल्ला इटहरी उपमहानगरपालिका-०६ मा शाखा कार्यालय खोली शाखा प्रमुखमा सुनसरी जिल्ला धरान उपमहानगरपालिका-१५ बस्ने श्री विकास तामाङ्गलाई नियुक्त गरी संचालन गर्दै आएकोमा उक्त शाखा कार्यालय रद्द गरी धरौटी रकम फिर्ता गरी पाउँ भनी निवेदन पेश गरेकोले सो सम्बन्धमा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सवुद प्रमाण सहित वैदेशिक रोजगार विभागको संस्था दर्ता तथा समन्वय शाखामा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागको मिति २०८२/०७/२० को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम शाखा कार्यालयको इजाजतपत्रपत्र रद्द गरी धरौटी रकम फिर्ता भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

## तु-आवश्यकता

यस कम्पनीका लागि निम्न कर्मचारी आवश्यकता परेकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

**1. RECEPTIONIST - 1 (Female)**

नोटः **+2 Passed,** अंग्रेजी राम्रोसँग बोल्न लेख्न सक्ने, सम्बिन्धित क्षेत्रमा कम्तिमा २ वर्ष अनुभवी, कम्प्युटरको ज्ञान हुनुपर्ने छ ।

★ **तलबः आपसी समझदारीमा**

★ **आवेदन तल दिइएको ठेगानामा पठाउन सकिनेछ ।**

**HR NEPAL SERVICES PVT. LTD.**
Old Baneshwor, Kathmandu, Nepal., Tel: +977-01- 5921536
WhatsApp: 982-0452610, Email: queendear265@gmail.com
श्रम ईजाजत नं. १५४८/०७८/०७९

## मलेसियामा रोजगार

कम्पनी : **BLACK JANTAYU SECURIFORCE SDN BHD**

पूर्व स्वीकृति मिति : २०८२/०७/२१ | LT. No. 333447 | चलानी नं. ६०२४७१४४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 50 | 0 | 1700 | ५७,७६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ कात्तिक २९ गते (15th Nov. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**AURUM CONSULTING PVT. LTD.** (White Pearl Recruitment Services Pvt.ltd.)
श्रम ईजाजत नं. ९२/०५३/०५४
KMC-4, Sukedhara, Kathmandu, Tel : +977-1-014374982, 014375195, Email: info@aurum.com.np, Web: www.aurum.com.np

## मलेसियामा रोजगार

कम्पनी : **LEA JATI SECURITY SDN.BHD.**

पूर्व स्वीकृति मिति : २०८२/०७/२१ | LT. No. 333459 | चलानी नं. ६०२४७११४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 30 | 0 | 1700 | ५७,७६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ कात्तिक २९ गते (15th Nov. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**CHANDRA KAMANA MANPOWER PVT.LTD.** (A.D. CAREERS PVT.LTD.)
Govt. License No. 1405/074/75
Ratopul, Gauhala, Kathmandu, Nepal, Contact: +977-01-4542876, 4538339, 9813013135/ 9851083561/9802358807/9802358802
E-mail : chandrakamna05@gmail.com, Web: www.chandrakamanamanpower.com

## मलेसियामा रोजगार

कम्पनी : **WHITE SHIELD SECURITY SDN BHD**

पूर्व स्वीकृति मिति : २०८२/०७/२१ | LT. No. 333463 | चलानी नं. ६०२४७११०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 17 | 0 | 1700 | ५७,७६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ कात्तिक २९ गते (15th Nov. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Employment Link Nepal Pvt. Ltd.**
Tokha-10,Tokha Road, Samakhusi, Kathmandu, Nepal, Tel: +977-4371365, 4372698, 5900079
E-mail: elndocument@gmail.com, Website: www.employmentlinknepal.com
श्रम ईजाजत नं. २९९/०५८/०५९

## मलेसियामा रोजगार

कम्पनी : **DEUMA FORCE SDN. BHD.**

पूर्व स्वीकृति मिति : २०८२/०७/२० | LT. No. 333415 | चलानी नं. ६०२४७०८४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 25 | 0 | 1700 | ५७,७६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ कात्तिक २९ गते (15th Nov. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Haya Recruitment Pvt. Ltd.**
श्रम ईजाजत नं. १०९३/०७३/०७४
Dumbarahi, Kathmandu, Nepal Phone No. +977-1-4008610, E-mail : alhaya.recruitment@gmail.com

## कुवेत/साउदीमा रोजगार

कम्पनी : **LAMESS NAIL BAR AND SPA LADIES SALON COMPANY**

पूर्व स्वीकृति मिति : २०८२/०७/२१ | LT. No. 333489 | चलानी नं. ६०२४७१२०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 15 | 200 | ९२,१९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **AISHA ABDAH MOHAMMED HAZZAZI EST**

पूर्व स्वीकृति मिति : २०८२/०७/२० | LT. No. 333323 | चलानी नं. ६०२४७११९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading & Unloading Worker | 4 | 0 | 1000 | ३७,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ कात्तिक २९ गते (15th Nov. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

## साउदीमा रोजगार

कम्पनी : **MISFER BIN ALI AL-KARBI GENERAL CONTRACTING COMPANY**

पूर्व स्वीकृति मिति : २०८२/०७/१८ | LT. No. 333274 | चलानी नं.६०२४७१७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Equipment Operator | 3 | 0 | 2500 | ९४,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Workshop Labour / Worker | 2 | 0 | 1000 | ३७,७३० | | | | | | | |

कम्पनी : **LOVE WATER COMPANY ONE PERSON**

पूर्व स्वीकृति मिति : २०८२/०६/३१ | LT. No. 332472 | चलानी नं.६०२४७१७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labors | 4 | 0 | 1000 | ३७,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **ART FOOD INNOVATION TRADING EST.**

पूर्व स्वीकृति मिति : २०८२/०७/१८ | LT. No. 333153 | चलानी नं.६०२४७१७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LOADER & LOADER | 4 | 0 | 1000 | ३७,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **ENOUGH TO SERVE DRINKS**

पूर्व स्वीकृति मिति : २०८२/०७/१८ | LT. No. 333154 | चलानी नं.६०२४७१७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food and Beverage Counter Worker | 1 | 0 | 1000 | ३७,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **HEAVY ROCK CONTRACTING COMPANY IS A ONE-PERSON COMPANY**

पूर्व स्वीकृति मिति : २०८२/०६/३१ | LT. No. 332473 | चलानी नं.६०२४७१६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 2 | 0 | 1000 | ३७,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **ITQAM PLUS GENERAL CONTRACTING EST**

पूर्व स्वीकृति मिति : २०८२/०६/०५ | LT. No. 331425 | चलानी नं.६०२४७१६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Equipment Driver | 2 | 0 | 2500 | ९४,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **KABSA EXPERTS ESTABLISHMENT**

पूर्व स्वीकृति मिति : २०८२/०७/१८ | LT. No. 333273 | चलानी नं.६०२४७१७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food and Beverage Counter Worker | 4 | 0 | 1000 | ३७,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ कात्तिक २९ गते (15th Nov. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Faraz International Overseas Pvt. Ltd**
Govt. License 1553/079/80
Dhumbarai Mandikhatar, Budhanilkantha 9, Kathmandu, Nepal, Contact: 9847416116, Email: hiringalfaraz@outlook.com

## नेपाल सरकार दावी विरोध सम्बन्धी वैदेशिक रोजगार विभागको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजतपत्र प्राप्त संस्था **श्री Meridian Overseas Pvt. Ltd. (ई.प.नं.६१३/०६२/०६३) को काठमाडौं जिल्ला टोखा नगरपालिका वडा नं. ५ मा रहेको प्रा.लि.को साविकको ठेगाना परिवर्तन गरी काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ४** कायम गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम साविकको ठेगाना परिवर्तन गर्दा कोही कसैलाइ मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस विभागको संस्था दर्ता शाखामा उजुरी/निवेदन पेश गर्नु हुन अनुरोध छ । अन्यथा कानुन बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराइन्छ ।

## स्थानीय सरकार
## मैवाखोला गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
साँघु,ताप्लेजुङ

## आर्थिक तथा प्राविधिक प्रस्ताव स्वीकृति सम्बन्धी आशयको सूचना

**प्रकाशित मितिः२०८२/०७/२२**

यस कार्यालयबाट स्वीकृत निम्न आयोजनाहरुको मिति २०८१।०६।१० गते प्रकाशित सूचना अनुसार यस कार्यालयमा दर्ता हुन आएका बोलपत्रहरुको मूल्याङ्कन हुँदा (क) निम्न बोलपत्रदाताहरुको न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही भई वोलपत्र स्वीकृतिका लागि छनौट भएकाले सार्वजनिक खरिद ऐन,२०६३ को दफा २७ (२) को प्रयोजनार्थ वोलपत्र स्वीकृति सम्बन्धी ७(सात) दिनको आशयको सूचना र (ख) तपसिल बमोजिमका बोलपत्र प्राविधिक प्रस्तावमा उतिर्ण भै स्वीकृतिका लागि छनोट भएकाले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(ई) को उपनियम ५ र नियम ५४ (क),६१, ६२ बमोजिम प्राविधिक प्रस्ताव स्वीकृतिको आशयको सूचना जारी गरि उक्त बोलपत्रदाताहरुको आर्थिक प्रस्ताव निम्न मिति र स्थानमा E–Bidding प्रणालीबाट खोलिने भएको हुनाले सबै बोल्पत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**निम्नः**

**(क)आर्थिक प्रस्ताव**

| क्र.स. | आयोजनाको नाम | छनौट भएका निर्माण व्यवसायीको नाम ठेगाना | न्यूनतम सारभुतरुपमा प्रभावग्राही कवोल अङ्क रु . ( मु.अ.क.र पि.एस बाहेक) |
|---|---|---|---|
| १ | मैवाखोला मा.वि. को अधुरो खेलमैदान निर्माण (M/WORKS/NCB/E/082/83-01) | नव उदय निर्माण सेवा, ताप्लेजुङ | ७०,९२,०७२।२ |
| २ | मैवाखोला वडा नं. ४ को अधुरो स्वास्थ्य भवन निर्माण (M/WORKS/NCB/E/082/83-02) | दोभान भ्यालि निर्माण सेवा, ताप्लेजुङ | ६८,२०,३०१।०० |
| ३ | प्रशासकीय भवनको इन्टेरीयर सहित फर्निसीङ र फिनिसिङ (M/GOODS/NCB/E/082/83-01) | मोडल कन्स्ट्रक्शन प्रा.लि., काठमाडौं | ८४,३२,७०७।५ |

**(ख) प्राविधिक प्रस्ताव**

ठेक्का नं. (M/WORKS/NCB/E/082/83-04) योजनाको नामःगुफापोखरी-गैरे-साँघु सडक स्तरोन्नती

प्राविधिक प्रस्तावमा उतिर्ण भएका तपसिलका बोलपत्रदाताहरुः

| क्र.स. | प्राविधिक प्रस्ताव स्वीकृतिका लागि छनोट भएका बोलपत्रदाता |
|---|---|
| १. | तेल्लाबूङ-नव उदय जेभि,ताप्लेजुङ् |

**आर्थिक प्रस्ताव खोल्ने मिति र समय**

**मितिः**२०८२/०७/३० गते समय १३:०० बजे,तदनुसार १६ नोभेम्बर २०२५

**स्थानः**मैवाखोला गाउँकार्यपालिकाको कार्यालय,साँघु,ताप्लेजुङ

**प्रमुख प्रशासकीय अधिकृत**

# ब्रह्मा मन्दिर उत्खनन् गरी पुनर्निर्माण

**काठमाडौं (प्रस)**– काठमाडौं महानगरपालिका-८ जयबागेश्वरी, गायत्री मार्गस्थित ब्रह्मा मन्दिर उत्खनन्पश्चात् पुनर्निर्माण गरिएको छ । पुनर्निर्माण सम्पन्न भएसँगै उक्त मन्दिरको शुक्रबार महानगर प्रमुख बालेन्द्र साहले उद्घाटन गरे ।

उपप्रमुख सुनिता डंगोलले प्राचीन स्मारकको जीवनका रूपमा रहेका आकृति, मूर्ति तथा कलाकृति पुनरुत्थानबाट सांस्कृतिक सहरको पहिचान पुनःस्थापित गर्न योगदान पुग्ने बताइन् । उनले भनिन्, 'जहाँ मूर्तिको पूजा हुन्छ । मूर्तिलाई त्यहीँ राख्नुपर्छ । यसलाई हामीले अभियानका रूपमा अगाडि बढाएका छौं ।'

यो मन्दिर हराएकै १०० वर्षभन्दा धेरै भएको थियो । कामपा-८ का वडाध्यक्ष एवं सम्पदा तथा पर्यटन समितिका संयोजक आशामान संगतका अनुसार १९९० सालअघि नै मन्दिर भग्नावशेष भएको थियो । यसपछि झाडीमात्र थियो । पुरातत्त्व विभागको सहयोगमा मन्दिर उत्खनन् गरी यसको प्राचीनताको अध्ययन गरिएको थियो । संगतले भने, 'अध्ययनबाट मन्दिर छैटौं शताब्दीदेखि सातौं शताब्दीको बीचमा निर्माण भएको अनुमान गरिएको छ । मन्दिरको वनावट र प्रकृतिसम्बन्धी दस्तावेज नपाइएपछि जगको आकृति, प्रयोग भएको निर्माण सामग्रीका आधारमा पुरातत्त्वविदहरूद्वारा मन्दिरको रेखांकन गराएर पुनर्निर्माण गरिएको हो ।'



प्रहरीको संरक्षणमा रहेको मन्दिरभित्र रहेको चतुर्मुख ब्रह्माको मूर्तिलाई पञ्चांग निर्णायक समितिले दिएको साइतअनुसार यही कात्तिक १७ गतेको साइतमा प्रहरी परिसरबाट रथारोहण गरी मन्दिरमा लगेर पुनर्स्थापना गरिएको थियो ।

वास्तुविद गौरव श्रेष्ठका अनुसार एक करोड १२ लाख ४५ हजार रूपैयाँ लागतमा मन्दिर पुनर्निर्माण गरिएको हो । सडकबाट पाँच फिट उचाइमा पेटी उठाएर मन्दिर निर्माण गरिएको छ । माटो, इँटा र काठको प्रयोगबाट पुनर्निर्माण भएको मन्दिर २३.५ फिट उचाइको दुईतले प्यागोडा शैलीको छ । मन्दिरमा शिरमा तीन फिटको गजुर राखिएको छ । उक्त मन्दिर निर्माणका लागि २०८१ सालमा शिलान्यास र जगपूजा गरिएको थियो ।

संस्कृतिविद् मुकुन्दराज वैद्यका अनुसार ब्रह्मा मन्दिरको पुनरुत्थानले ग्वलःदे क्षेत्रको प्राचीनतालाई पुनर्स्थापना गराउनसमेत मद्दत मिलेको छ ।

बागमती प्रदेश स्वास्थ्य मन्त्रालयको निर्देशन

# औषधि र मेडिकल सामग्री खरिदमा बोलपत्र अनिवार्य

**भक्तपुर**– बागमती प्रदेश स्वास्थ्य मन्त्रालयले प्रदेशभित्रका स्वास्थ्यका बेथिति अन्त्य गर्ने लक्ष्यका साथ औषधि, सर्जिकलका सामानदेखि उपकरणसम्मको खरिदमा जिल्ला अस्पतालले अनिवार्य बोलपत्र आह्वान गर्नुपर्ने व्यवस्था गरेको छ ।

यसअघि जिल्ला अस्पतालहरूले औषधिदेखि औषधिजन्य स्वास्थ्य सामग्रीहरू खरिदका क्रममा टुक्राटुक्रा पारेर महिनैपिच्छे बिचौलियाको दबाबमा औषधि खरिद गर्ने गरेको सूचना पाएपछि मन्त्रालयले प्रदेशअन्तर्गतका जिल्ला अस्पतालहरूलाई यस्तो निर्देशन दिएको हो । बागमती प्रदेशका स्वास्थ्यमन्त्री किरण थापामगरले प्रदेशअन्तर्गतका जिल्ला अस्पतालहरूलाई औषधि एवं औषधिजन्य पदार्थ र उपकरण खरिदसम्ममा अनिवार्य बोलपत्र आह्वान गर्नुपर्ने निर्देशन जारी गरेको जानकारी दिए ।

जिल्ला अस्पताल एवं स्वास्थ्य संस्थाहरूले २० लाख रूपैयाँसम्मको खरिदमा बोलपत्र आह्वान नगरी सीधै खरिद गर्न सक्ने नियममा टेकेर बिचौलियाको प्रभावमा अस्पतालहरूले पटक-पटक गरेर महिनैपिच्छे औषधि एवं औषधिजन्य पदार्थ खरिद गरी अनियमितता गरेको आरोप लाग्दै आएपछि मन्त्री थापाले यस्तो निर्देशन दिएका हुन् ।

स्वास्थ्यमन्त्री थापाले भने, 'हामी बिरामीको स्वास्थ्यका लागि बजेट विनियोजन गरिरहेका हुन्छौं, तर केही बिचौलियाहरूले नेताहरू तथा उपल्लो निकायको हवाला दिँदै जिल्लाका जनस्वास्थ्य प्रमुखहरू, अस्पतालका निर्देशकदेखि प्रशासनसम्मलाई दबाब दिने र कतै मिलोमतो गरेर टुक्राटुक्रा पारेर एक आर्थिक वर्षसम्ममा करोडभन्दा बढीको खरिद गरेको पाइएपछि यस्ता बेथितिलाई रोक्न मन्त्रालयले १० लाख रूपैयाँसम्मको औषधि एवं अन्य सामग्री खरिदमा पनि अनिवार्य बोलपत्र प्रक्रिया पूरा गर्न निर्देशन दिएका हौं, यो कार्यान्वयनमा आउँछ ।'

उनले प्रदेशका १३ वटै अस्पताललाई चालु आर्थिक वर्षदेखि नै यो निर्देशनलाई कार्यान्वयनमा ल्याउन परिपत्र गरेको बताउँदै स्वास्थ्य मन्त्रालयमासमेत बिचौलियाले प्रभाव पार्न खाजेको बताए । मन्त्री थापाले मन्त्रालयदेखि अस्पतालसम्मका कर्मचारीहरूलाई बढुवा गरिदिने, कतिपयलाई राम्रो अस्पतालमा सरुवा गरिदिने, कतिपयलाई अस्पतालका निर्देशक बनाइदिन्छु भन्दै खरिद प्रक्रियामा प्रभाव पार्ने गरेको पाइएपछि मन्त्रालय यसलाई रोक्न लागिपरेको बताए ।

केही अस्पतालका निर्देशकहरूले औषधि एव औषधिजन्य सामान खरिदमा टुक्रा पारेर सीधै खरिद नगरी बोलपत्र आह्वान गरेमा सरुवा गरिदिने धम्की बिचौलियाले दिएको जानकारी गराएको बताउँदै स्वास्थ्य क्षेत्रका यस्ता गलत कार्य रोक्न लागिरहेको मन्त्री थापाले बताए ।

मन्त्रालयका कर्मचारीदेखि जिल्ला जनस्वास्थ्य कार्यालयका प्रमुख र अस्पतालका निर्देशक एवं कर्मचारी, जनप्रतिनिधिसमेतको मनोबल गिर्नेगरी बिचौलियाले बजेट र कार्यक्रम नभएको शीर्षकमा पनि सामान खरिद गर्न दबाब दिने गरेको, धम्कीपूर्ण फोन र म्यासेज गर्ने गरेको पाइएपछि मन्त्रालयले बिचौलिया रोक्न १० लाख रूपैयाँसम्मको सामान खरिदमा पनि अनिवार्य बोलपत्र आह्वान गर्ने व्यवस्था लागू गरेको मन्त्रालयका भनाइ छ ।

स्वास्थ्य मन्त्रालय आपूर्ति महाशाखाका प्रमुख अर्जुन सापकोटाले बिचौलियाको पटक-पटकको धम्कीले कर्मचारी आजित बनेको बताए । उनले भने, 'हामी कर्मचारी हौं, नीति नियम मान्नैपर्‍यो तर नेतादेखि उपल्लो निकायका कर्मचारीको हवाला दिँदै बिचौलिया हाबी हुन्छन्, उनीहरूले भनेजस्तो गरी खरिद प्रक्रिया अगाडि नबढाए, आवश्यक भए पनि नभए पनि उनीहरूले भनेका सामान खरिद नगरे फोनबाट 'टर्चर' दिन्छन्, हाम्रै फोटो रोखेर केही मिडियामा हाम्राविरुद्ध समाचार बनाउँछन् र चरित्र हत्या गरेर बदनाम गर्छन्, यो चल्दै आएको छ, अहिले मन्त्रालयले बिचौलिया रोक्न खोज्दा थप धम्की आएका छन् । सही गरौं बिचौलियाको तनाब, गलत गरौं अख्तियारको तनाब हामी कर्मचारी साँच्चै मारमा छौं ।'

कर्मचारीका विरुद्ध बिचौलियाले अनावश्यक एवं झूटा समाचार लेखाएर जेन-जी वा कसैको नाममा मन्त्रालय तोडफोड भयो वा कर्मचारीमाथि हातपात भयो भने त्यसको जिम्मा कसले लिने भन्दै मन्त्रालयका कर्मचारीहरूले बिचौलिया अन्त्य गर्न सिंगो सरकार र जनप्रतिनिधिले साथ दिन माग गरेका छन् । *रासस*

## कामपाले निःशुल्क वितरण गर्ने औषधिजन्य सामग्री वैद्यखानाबाट लिने

**काठमाडौं (प्रस)**– काठमाडौं महानगरपालिकाले आयुर्वेद तथा वैकल्पिक स्वास्थ्य केन्द्रबाट निःशुल्क वितरण गर्ने औषधि र औषधिजन्य सामग्री सिंहदरबार वैद्यखानाबाट लिने भएको छ ।

यसरी औषधि लिनका लागि कामपा स्वास्थ्य विभाग र सरकार-सरकार साझेदारी कार्यक्रमअन्तर्गत कामपाले माग गर्ने आयुर्वेदिक औषधि लागत मूल्यमा वैद्यखानाले उपलब्ध गराउनेगरी सम्झौता पनि भइसकेको कामपाले जानकारी दिएको छ ।

कामपा स्वास्थ्य विभागका प्रमुख दीपककुमार केसीले आगामी दिनमा आधारभूत स्वास्थ्य सेवाअन्तर्गत आयुर्वेदिक औषधि वितरणमा सहज हुने विश्वास रहेको बताए । कार्यक्रमका फोकल पर्सन ज्ञानबहादुर ओलीका अनुसार अहिले कामपाले सञ्चालन गरेको आयुर्वेद तथा वैकल्पिक स्वास्थ्य केन्द्रबाट नेपाल सरकारले निःशुल्क वितरणका लागि तोकेका औषधि वैद्यखानाबाट उपलब्ध भएसम्म त्यहीँबाट प्राप्त गर्ने तयारीका साथ सम्झौता अघि बढाइएको हो ।

कामपाले यसअघि नै यस्तै प्रकारको सहकार्य नेपाल औषधि लिमिटेडसँग पनि गरिसकेको ओलीले जानकारी दिए । सम्झौताबमोजिम वैद्यखानाले औषधिको ७५ प्रतिशतसम्म उपभोग अवधि बाँकी रहेका औषधि माग भएको सात दिनभित्र उपलब्ध गराउनुपर्ने व्यवस्था रहेको छ ।

उक्त औषधि नै कामपाले आयुर्वेद तथा वैकल्पिक स्वास्थ्य केन्द्रबाट निःशुल्करूपमा वितरण गर्ने जनाएको छ । यस्तै वैद्यखानाका कार्यकारी निर्देशक डा. प्रदीप केसीले औषधिको गुणस्तरीयतामा संवेदनशील भएर माग पूर्ति गर्ने प्रतिबद्धता व्यक्त गरेको बताइएको छ ।

**मलेसियामा रोजगार** कम्पनी : SASA SECURITY SERVICES SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०७/२१ LT. No. 333454 चलानी नं. ६०२४७१३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 100 | 0 | 1700 | ५७,७६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कात्तिक २९ गते (15th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

J.K. OVERSEAS PVT. LTD.
Sukedhara-4, Kathmandu, Nepal, Tel: +977-4548016
E-mail: jkoverseasnepal@gmail.com, jkoverseasoffice@gmail.com, Website: jkoverseas.com.np
श्रम इजाजत नं. १७२०/०८१/०८२

**मलेसियामा रोजगार** कम्पनी : JW PROTECTION SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०७/२१ LT. No. 333496 चलानी नं. ६०२४७१७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 29 | 0 | 1700 | ५७,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कात्तिक २९ गते (15th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GREAT NEPAL H.R PVT.LTD.
Chundevi-04, Kathmandu, Nepal, Ph. No: 01-4547074, Mobile: 9705000446/9705000447/9705000448
9705000449/9705000450/9705000451/9705000452 E-mail : infogreatnepalhr2000@gmail.com, Web: www.greatnepalhr.com.np
Govt. License No. 1688/080/081

**साउदीमा रोजगार** कम्पनी : ABDULLAH I. AI MUNEEF & BROS. CO. FOR TRADING & TRANSPORT

पूर्व स्वीकृति मिति : २०८२/०७/२१ LT. No. 333464 चलानी नं. ६०२४७१३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 5 | 0 | 1800 | ६७,९१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कात्तिक २९ गते (15th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GROWTH PROCESS INTERNATIONAL EMPLOYMENT PVT. LTD.
Basundhara–03, Kathmandu, Nepal Phone : +977-01-4383347,
E-mail: growth_processintl@yahoo.com, growthprocessintlemp@gmail.com
Govt. License 518/061/062

**कुवेतमा रोजगार** कम्पनी : BOUBYAN WORLD GENERAL TRADING COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०७/२१ LT. No. 333510 चलानी नं. ६०२४७१५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Nail Technicians | 0 | 2 | 150 | ६९,१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कात्तिक २९ गते (15th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

HR NEPAL SERVICES PVT. LTD.
Old Baneshwor, Kathmandu, Nepal., Tel: +977-01- 5921536
Mob: 9802343008, Email: hrnepalservices@gmail.com
श्रम इजाजत नं. १५४८/०७८/०७९

**MAURITIUS मा रोजगार** कम्पनी : PICK AND BUY LIMITED

पूर्व स्वीकृति मिति : २०८२/०४/०९ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०७/२१ LT. No. 327650 चलानी नं. ६०२४१६३८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब MUR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | pastry maker | 11 | 0 | 17110 | ५२,७६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | cook | 18 | 0 | 17110 | ५२,७६५ | | | | | | | |
| 3 | room attendants | 29 | 0 | 17110 | ५२,७६५ | | | | | | | |
| 4 | bakery cook | 16 | 0 | 17110 | ५२,७६५ | | | | | | | |
| 5 | fish packer | 30 | 0 | 17110 | ५२,७६५ | | | | | | | |
| 6 | packing operator | 96 | 0 | 17110 | ५२,७६५ | | | | | | | |

कम्पनी : NEW MAURITIUS HOTELS LIMITED

पूर्व स्वीकृति मिति : २०८२/०७/२० LT. No. 332529 चलानी नं. ६०२४७१६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब MUR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Cook | 10 | 0 | 18000 | ५५,५०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Chef De Partie | 15 | 0 | 20000 | ६१,६७५ | | | | | | | |
| 3 | Chef In | 5 | 0 | 20000 | ६१,६७५ | | | | | | | |
| 4 | Cold Pantry | 40 | 0 | 18000 | ५५,५०५ | | | | | | | |
| 5 | Cook | 20 | 0 | 18000 | ५५,५०५ | | | | | | | |
| 6 | Demi Chef De Partie | 18 | 0 | 20000 | ६१,६७५ | | | | | | | |
| 7 | Laundry Machine Operator | 12 | 0 | 18000 | ५५,५०५ | | | | | | | |
| 8 | Laundry Operator | 15 | 0 | 18000 | ५५,५०५ | | | | | | | |
| 9 | Packing Labor | 20 | 0 | 18000 | ५५,५०५ | | | | | | | |
| 10 | Refrigerator Assembler | 50 | 0 | 18000 | ५५,५०५ | | | | | | | |
| 11 | Room Arranger | 15 | 0 | 18000 | ५५,५०५ | | | | | | | |
| 12 | Sous Chef | 15 | 0 | 20000 | ६१,६७५ | | | | | | | |
| 13 | Stewards | 11 | 0 | 18000 | ५५,५०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: Kundalini Durbar Banquet Bansidhar marg ward number 04 chappalkarkhana काठमाडौंमा मिति: २०८२ मंसिर ९ र १२ गते (25 & 28 Nov. 2025) मा हुनेछ Soaltee Westend Itahari ward number 02 Dharan road Sunsari मा मिति: २०८२ मंसिर १० र ११ गते (26 & 27 Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GRACE OVERSEAS PVT. LTD.
Chappalkarkhana-04, Kathmandu, Nepal, Tel : +977-01-4526853, Mobile: 9851086232, 985-2071785
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np
Govt. License 852/066/067

## श्री जनता माध्यमिक विद्यालय
**विन्धेवासिनी, अछाम**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति:- २०८२/०७/२१**

यस श्री जनता नमुना माध्यमिक विद्यालय मेल्लेख गाउँपालिका बिन्देवासिनी, अछामबाट, मिति २०८२/०६/१० गतेको मिसन टुडे राष्ट्रिय दैनिक पत्रिकामा बोलपत्र आह्वान सम्बन्धि सूचना अनुसार, यस विद्यालयको कार्यालयमा e-submission मार्फत पेश हुनआएका बोलपत्रमध्ये तपशिलको बोलपत्र सारभूतरुपमा सेवा प्रभावग्राही रहेकोले उक्त बोलपत्र स्वीकृत भई सबै बोलपत्रदातालाई जानकारीको लागी दिन ७ (सात) को यो सूचना प्रकाशित छ ।

**तपशिल:-**

| क्र.स. | कार्य विवरण | बोलपत्र दाता | कबोल अंक (भ्याट र पिएस सहित) | कैफियत |
|---|---|---|---|---|
| १. | Constrcution of RCC Frame structure School Building. (JSS/ACHHAM/NCB/ W/B/01/2081-082) / | श्री पि.एस कन्सट्रक्सन् मेल्लेख -०७, अछाम | रू.९२,०६,९७७.६६ (अक्षेरुपी:- ब्यनब्बे लाख छ हजार नौ सय सत्तत्तर पैसा मात्र) | |

**बोधार्थ:-**

१. श्री सि.वि.आर कन्सट्रक्सन् मेल्लेख-०४, अछाम ।

४. श्री बिन्देवासिनी/प्रकृति जे.भी अछाम ।

ई. खडक बहादुर धामी — **पूर्वाधार विकास शाखा प्रमुख**

निर्प बहादुर वि.क — **प्रधानाध्यापक**

**कर्णाली प्रदेश सरकार**
**सामाजिक विकास मन्त्रालय**
## शिक्षा विकास निर्देशनालय
**सामाजिक विकास कार्यालय, मुगु**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मिति: २०८२/०७/२२**

यस सामाजिक विकास कार्यालय, गमगढी, मुगुबाट मिति : २०८२।०६।१२ गते प्रकाशित सूचना अनुसार तपसिल बमोजिमको कार्यको लागि विद्युतीय खरिद माध्यमबाट बोलपत्र आह्वान भएको सूचना बमोजिम पेश भएका बोलपत्रहरु मध्ये तपसिलको बोलपत्रदाता न्युनतम मुल्यांकित सारभुतरुपमा प्रभावग्राही देखिएकाले स्वीकृतिको लागि छनौट भई सावजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्र दाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| S N | Description of Work | Contact identification No | Bidder Selected | Bid Price (With Vat & P.S.) |
|---|---|---|---|---|
| 1 | Two Room RCC Building Construction of Kalapalta ECd Kalapalta, Mugu | SDO/MUGU/W/ NCB/1/2082-083 | Susmita Nirman Sewa Chhayanath Rara Mun-04 | 3130752.76 |
| 2 | Two Room Rcc Building Construction of Shree Masta Basic School Tharpa, Mugu | SDO/MUGU/W/ NCB/2/2082-083 | Dahal Construction Khatayad Rural Mun-4 | 2999837.92 |
| 3 | Two Room RCC Building Construction on Shree Nepal RAstriya Basic School, Chaila Mugu | SDO/MUGU/W/ NCB/2/2082-083 | Ujjwol Nirman Sewa Chhayanath Rara -4 | 2426826.91 |
| 4 | Shree Karnali Secondary School Topla Boundary Wall Construction | SDO/MUGU/W/ NCB/5/2082-083 | Ujjwol Nirman Sewa Chhayanath Rara -4 | 2301230.63 |
| 5 | Shree Yoba Barsa Basic School,Sorukot Boundary Wall Construction work | SDO/MUGU/W/ NCB/6/2082-083 | Sergio Builder & Services Soru Rural Mun -01 | 2682711.59 |
| 6 | Shree Basic School, Bhee Dalitbada Soru Boundary Wall & Playgrount Construction work | SDO/MUGU/W/ NCB/7/2082-083 | Susmita Nirman Sewa Chhayanath Rara Mun-04 | 2168990.35 |
| 7 | Kimri Health Post Building Construction Work at Kimri Mugu | SDO/MUGU/W/ NCB/8/2082-083 | Sonam Wangdi Constructio Pvt.Ltd | 3727426.73 |
| 8 | Two Room RCC Building Construction at shree Nepal Rastriya Secondary Residental Schoool, Takha Mugu | SDO/MUGU/W/ NCB/9/2082-083 | Rinimokcha Work & Suppliers | 5535253.66 |



# आहा ! फुतफुते झरना

करिब ५० मिटर उचाइको झरनाको फेदीमा गोलो आकारको तलाउ छ । वनजंगल, एकान्त वातावरण र पहाडको फेदीमा रहेको फुतफुते झरनाको सुन्दरताले यात्राको थकान मेटाउने र मनलाई शान्त बनाएको छ । नीलगिरि र अन्नपूर्ण हिमालबाट आउने मिस्त्रीखोलाको पानी यसै झरना भएर बग्ने गर्छ ।

सन्तोष गौतम/म्याग्दी

दायाँ र बायाँ अग्ला पहाड । अन्नपूर्ण र नीलगिरि हिमालबाट पहाडलाई दायाँबायाँ बनाएर बगेको मिस्त्री खोला । खोलाको जलप्रवाहले खिइएर बनेको कृत्रिम नालीजस्तै देखिने साँघुरो खोच । फेदीमा गोलो आकारको नीलो ताल ।

झट्ट हेर्दा ढुंगेधाराजस्तै देखिने म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ मा रहेको फुतफुते झरना मनमोहक र आकर्षक छ । अन्नपूर्ण हिमालको आधार शिविर जोड्ने 'मौरिस हर्जोग' पदमार्गको प्रवेश बिन्दुमै पर्ने फुतफुते झरनाको सौन्दर्यमा नरमाउने कमै हुन्छन् ।

कडा चट्टानलाई बीचमा पानीको बहावले काटेर झर्ने झरनाको पानीको दृश्यले यात्रालाई रोमाञ्चक बनाएको काठमाडौंका सुझाव आचार्यले बताए । 'अलौकिक र प्राकृतिक फुतफुते झरनामा आउँदा यात्राको थकान मेटियो,' उनले भने, 'फुतफुते झरना अवलोकन गर्दा प्रकृतिको दाइने आँखाको मोती खसेझैं महसुस भयो ।'

काठमाडौंका लक्ष्मण मर्हजनले फुतफुतेलाई अमेरिकाको 'नाग्रा फल्स'सँग तुलना गरे । फुतफुते झरनाको वेसान आवाजमा रमाउँदा जलको मोतीमा डुबेको उनले अनुभव सुनाए । 'मौरिस हर्जोग' पदमार्गको भ्रमणमा आउने पर्यटकका लागि फुतफुते झरना थकान मेटाउने र प्रकृतिसँग रमाउने थलो बनेको छ ।

'सबै झरना पहाडबाटै बग्ने हुन्, तर यो झरनाले पहाडलाई छेडेर निस्किएजस्तो देखिन्छ,' काभ्रेकी अनुषा तामाङले भनिन्, 'झरनाको फेदीमा रहेको नीलो रङको पानीको तलाउ नियालेर धित नै नमर्ने रहेछ ।' अग्लो पहाडबाट सेतो रङमा खस्ने झरनाको फेदीमा बनेको नीलो रङको सफा तलाउ मनमोहक छ ।

करिब ५० मिटर उचाइको झरनाको फेदीमा गोलो आकारको तलाउ छ । वनजंगल, एकान्त वातावरण र पहाडको फेदीमा रहेको फुतफुते झरनाको सुन्दरताले यात्राको थकान मेटाउने र मनलाई शान्त बनाएको छ । नीलगिरि र अन्नपूर्ण हिमालबाट आउने मिस्त्रीखोलाको पानी यसै झरना भएर बग्ने गर्छ ।

झरना र फेदीमा रहेको पानीको तलाउमा तस्बिर र भिडियो खिचेर पदयात्रीहरू घण्टौं रमाउने गर्छन् । अन्नपूर्ण हिमालका प्रथम आरोही फ्रान्सका मौरिस हर्जोगले हिमाल आरोहण गर्दा प्रयोग गरेकै बाटो समेटेर तयार भएको यो पदमार्ग नयाँ गन्तव्यका रूपमा विकास भएको छ । दसैंयता दैनिक ३०० जनाको अनुपातमा आन्तरिक पर्यटक भित्रिएका मौरिस हर्जोग पदमार्गका अभियान्त तेज गुरुङले बताए ।

'सामाजिक सञ्जाल 'फेसबुक,' 'टिकटक'को फोटो भिडियो र सञ्चारमाध्यममार्फत फुतफुते झरनाको राम्रो प्रचार भएको छ,' उनले भने, 'दुई वर्षअघिसम्म सुनसान फुतफुते झरनामा अहिले दिनभर पर्यटकको चहलपहल हुन्छ ।' फुतफुते झरना मौरिस हर्जोग पदमार्गको एक गन्तव्य बनेको छ ।

नारच्याङदेखि हुमखोलासम्म दुई घण्टा गाडी र हुमखोलादेखि एक घण्टा ३० मिनेट पैदल हिँडेपछि फुतफुते झरनामा पुग्न सकिन्छ । धेरैजसो पर्यटक फुतफुते झरना अवलोकन गरेर साँधीखर्क, गुफाफाँट, भुसकेट हुँदै अन्नपूर्ण आधार शिविरतर्फ लाग्छन् । हिँड्न नसक्नेहरू भने फुतफुते झरना हेरेर फर्कन्छन् ।

अन्नपूर्ण गाउँपालिकाले गत वर्ष झरना नजिकै आश्रयस्थल र सार्वजनिक शौचालय बनाएको अध्यक्ष भारतकुमार पुनले बताए । फुतफुते झरनालगायत मौरिस हर्जोग पदमार्गको गुरुयोजना बनाएर पूर्वाधार निर्माण र प्रवर्द्धनका लागि प्रदेश र संघीय सरकारसँग पहल गरेको अध्यक्ष पुनले बताए ।

नारच्याङका बासिन्दाले त्यहाँ अस्थायी संरचना बनाएर होटल सञ्चालन गरेका छन् । झरनाको फेदीमा रहेको पोखरीमुनि काठको झोलुंगे पुल छ । पुलको पारि अर्को सानो झरना छ । दायाँ र बायाँ झरना हेर्दै पुल तर्न सकिन्छ ।

झरनाको नजिकै पोखरीको छेउमै पुगेर र पुल नजिकको ढुंगामाथि बसेर अवलोकन गर्नेहरूको भीड लाग्ने गरेको छ । दुर्घटनाको जोखिम भएकाले तलाउको नजिकै नजान र पौडी नखेल्न पर्यटकलाई आग्रह गरिएको छ । झरना अवलोकनस्थललाई सुरक्षित र झोलुंगे पुलको स्तरोन्नतिको आवश्यकता देखिएको गत हप्ता मौरिस हर्जोग पदमार्गको भ्रमण गरेका गण्डकी प्रदेशसभा सदस्य हरिबहादुर भण्डारीले बताए ।

'गुराँसे डाँडादेखि फुतफुते झरनासम्म पुग्ने पदमार्ग निर्माण, झोलुंगे पुल स्तरोन्नति र सुरक्षित दृश्यावलोकन गर्ने ठाउँको आवश्यकता देखियो,' उनले भने, 'फुतफुतेलगायत मौरिस हर्जोग पदमार्गको समग्र पूर्वाधार निर्माण र प्रवर्द्धनमा सरकारसँग समन्वय गर्ने छु ।' *रासस*



# मनै लोभ्याउने पुनहिल

राम थापा/गण्डकी

झिसमिसेमै नपुगे पुनहिलको यात्रा अधुरो हुन्छ । पुनहिल गएर सूर्योदय नहेरी के फर्कनु ! घोरेपानीमा रात काटेका आगन्तुकहरू सूर्योदय नियाल्न सखारै पुनहिलको उकालो लाग्छन् । पूर्वमा लाली चढ्दै गर्दा पुनहिल सेरोफेरो आगन्तुकले ढाकिइसकेको हुन्छ । सबै सूर्योदय नियाल्न व्यग्र देखिन्छन् ।

चराहरूको चिरबिरसँगै विस्तारै हिमाल खुल्न थाल्छ । घामको पहिलो झुल्का हिउँचुचुरोमा पर्दाको दृश्यले मोहित तुल्याउँछ । छिनभरमै घामका कलिला किरण पुनहिलमा छाइसक्छन् । हिमालको काखबाट सूर्य उदाएको दृश्यले कसलाई पो नलोभ्याउला र ! सूर्योदयको मनप्रिय दृश्यलाई आँखादेखि क्यामरासम्म कैद गर्नेहरूको तछाडमछाड देखिन्छ । विदेशीहरू आफ्नै देशको झण्डा ओडेर तस्बिर खिचिरहेका भेटिन्छन् भने नेपालीहरू चन्द्र-सूर्य अंकित झण्डासहित ।

पुनहिल पुग्दाको क्षणलाई कतिपयले आत्मिक र भावनात्मकरूपमा पनि तस्बिरमा कैद गरिरहेका हुन्छन् । यसरी पुनहिल प्रकृतिप्रेमीमाझ एक अनुपम छटाका रूपमा परचित छ । सूर्योदयपखको पुनहिलले महाकवि लक्ष्मीप्रसाद देवकोटाको कविता 'सुनको बिहान'को झझल्को दिलाउँछ ।

*'सुनको दिन एक उदाउँछ रे*
*यस देश खुलीकन आउँछ रे...!'*

शरद र वसन्तयाममा पुनहिलको सौन्दर्य बिछ्छै खुल्छ । चैत-वैशाखतिर लालीगुराँसले राताम्मे देखिने घोरेपानी-पुनहिल क्षेत्र हिउँदमा हिउँसँग लुकामारी खेल्छ । न धेरै जाडो न गर्मी शरदयाममा पनि उसैगरी आगन्तुकलाई लोभ्याइरहेको हुन्छ घोरेपानी-पुनहिलले । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाअन्तर्गत म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ मा अवस्थित यस गन्तव्यमा बर्सेनि हजारौं देशीविदेशी पर्यटक पुग्ने गर्छन् । पर्यटकीय राजधानी सहर पोखरादेखि नजिक पर्ने भएकाले पहुँच र प्रवर्द्धनका हिसाबले पनि घोरेपानी-पुनहिल क्षेत्र अगाडि छ ।

यतिबेला मौसम खुलेको छ । दिन घमाइला छन् । चाडबाडको याम छ । यहीबेला मुख्य पर्यटकीय याम चलिरहेको छ । पर्यटकहरू कोही सडकमार्ग त कोही पदमार्ग भएर पुनहिल पुगिरहेका छन् । प्रकृतिको भव्यतामा रमाउने जोकोहीका लागि यो एक आकर्षक थलो हो । पदयात्रा पर्यटनका लागि विश्वप्रसिद्ध अन्नपूर्ण चक्रीय पदमार्गमा पर्ने घोरेपानी-पुनहिल छोटो दूरीको पदयात्राका लागि बढी लोकप्रिय रहेको पर्यटक पथप्रदर्शक दिवस गुरूङले बताए ।

उनका अनुसार तीनदेखि चार दिनसम्ममा घोरेपानी-पुनहिलको पदयात्रा गर्न सकिन्छ । सडकमार्ग पनि प्रयोग गरेमा दूरी अझै घट्ने गुरुङले बताए । हालै म्याग्दी र कास्कीतर्फबाट सडक मार्ग त्यस ठाउँमा जोडिएको छ । 'कम खर्चमा छोटो अवधिको पदयात्राका लागि पुनहिल उत्कृष्ट गन्तव्य मानिन्छ,' उनले भने, 'अहिले सडकले गर्दा कतिपय ठाउँमा पदमार्ग छोटिएको छ ।' सडक बनाउँदा परम्परागत पदमार्ग नासिँदै गएकाले पदयात्राको अवधि छोटिएको उनको भनाइ छ ।

शान्त तथा हरियाली वातावरण, हिमाली दृश्य, स्थानीय संस्कृति र जनजीवन, प्राकृतिक सम्पदा आदिले घोरेपानी-पुनहिलको शोभा बढाएको गुरूङले बताए ।

कुनैबेलाको "लुङटुङ" डाँडा अहिले पुनहिलका रूपमा विश्व पर्यटन बजारमा स्थापित छ । चार दशकअघिसम्म उक्त क्षेत्र खिवाङ गाउँका किसानको चरन क्षेत्र थियो । भारतीय सेनाबाट सेवा निवृत्त स्वर्गीय मेजर टेकबहादुर पुनले पुनहिलको नामकरण गरेका थिए । त्यस क्षेत्रको पर्यटन विकासको जग हालेको श्रेय पनि पुनलाई दिइन्छ । उनको स्मृतिमा पुनहिलमा भ्युटावर बनाइएको छ । मेजर टेकबहादुरले लुङटुङ डाँडालाई पुनहिलको नामले चिनाएकै कारण यसको पहिचान देशविदेशमा फैलिएको र पर्यटकीय गतिविधि सुरु भएको घोरेपानीका पर्यटन व्यवसायी बताउँछन् ।

समुद्री सतहदेखि तीन हजार २१० मिटरको उचाइमा अवस्थित पुनहिल सूर्योदयसँगै हिमशृंखला अवलोकनका लागि पर्यटक आउने गरेको घोरेपानीकी पर्यटन व्यवसायी जुली पुनले बताइन् । 'मुख्य याममा दिनमै चार-पाँच सयसम्म विदेशी पर्यटक आउँछन्,' उनले भनिन्, 'पछिल्लो समय आन्तरिक पर्यटकको पनि रोजाइमा परेको छ, प्रायः यहाँ आउने पर्यटक पदयात्रा गर्न रूचाउँछन् ।'

यो याममा भने पर्यटक आगमनमा केही गिरावट आएको छ । अहिले दैनिक २०० जति विदेशी पर्यटक पुनहिल पुग्ने गरेका छन् । आन्तरिक पर्यटकको आउजाउ विस्तारै बढ्दै छ । 'जेन-जी' आन्दोलन, प्रतिकूल मौसम आदि कारणले गत वर्षको तुलनामा पर्यटक आगमन प्रभावित भएको हो । पुनहिल प्रवेश टिकट कक्षका अमृत पुनले अहिले दैनिक २०० को हाराहारीमा विदेशी पर्यटक आएको बताए । 'कात्तिक महिना अझै बाँकी छ, पर्यटक बढ्ने आशा छ,' उनले भने, 'मुख्यगरी असोज-कात्तिक र चैत-वैशाखमा यहाँ पर्यटकीय चहलपहल बढ्छ ।'

घोरेपानीका पर्यटन व्यवसायी डमबहादुर पुनले मुख्यगरी सूर्योदय, सूर्यास्त र हिमशृंखला अवलोकनका लागि पर्यटक पुनहिल आउने गरेको बताए । अन्नपूर्ण गाउँपालिकाका पूर्वअध्यक्षसमेत रहेका उनले पुनहिलबाट एकैसाथ लमजुङदेखि गुर्जा हिमालसम्मको 'पानोरमा भ्यू' देख्न सकिने बताए । पुनहिलबाट विश्वका १० अग्ला हिमालमध्येमा पर्ने अन्नपूर्ण, धवलागिरि, मनास्लुलगायत दजनौं हिमाल एकसाथ देख्न सकिने उनले जानकारी दिए । घोरेपानी-पुनहिलको प्रकृतिमय भूगोलले पनि पर्यटकलाई लोभ्याउने गरेको उनको भनाइ छ ।

घोरेपानी र पुनहिल क्षेत्र हरेक ऋतुकालमा भिन्न विशेषतामा खुल्ने गरेको छ । पहिलोपल्ट त्यहाँ पाइला राख्दा जोकोहीको मन फुरुंग हुन्छ । सहरको कोलाहल र पटचारलाग्दो दैनिकी छलेर पुनहिल पुग्नेले तनाव भुल्छन् । प्रकृतिमा नजर अडाउँछन् र मन शान्त पार्छन् । आँखैअघि दन्तलहरझैं खुलेका हिउँचुचुरोका दृश्य चित्ताकर्षक लाग्छ । घोरेपानीबाट पुनहिल आधा घण्टाको पदयात्रामा पुगिन्छ ।

कुनैबेलाको 'लुङटुङ' डाँडा अहिले पुनहिलका रूपमा विश्व पर्यटन बजारमा स्थापित छ । चार दशकअघिसम्म उक्त क्षेत्र खिवाङ गाउँका किसानको चरन क्षेत्र थियो । भारतीय सेनाबाट सेवा निवृत्त स्वर्गीय मेजर टेकबहादुर पुनले पुनहिलको नामकरण गरेका थिए । त्यस क्षेत्रको पर्यटन विकासको जग हालेको श्रेय पनि पुनलाई दिइन्छ । उनको स्मृतिमा पुनहिलमा भ्युटावर बनाइएको छ । मेजर टेकबहादुरले लुङटुङ डाँडालाई पुनहिलको नामले चिनाएकै कारण यसको पहिचान देशविदेशमा फैलिएको र पर्यटकीय गतिविधि सुरु भएको घोरेपानीका पर्यटन व्यवसायी बताउँछन् ।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनामा समेटिएपछि यस क्षेत्रको बारेमा अन्तर्राष्ट्रियस्तरमा प्रचारप्रसार भएको थियो । यस क्षेत्रमा वार्षिक ३० हजारको हाराहारीमा विदेशी पर्यटक भित्रिने गरेका गरेका छन् । पुनहिल भ्रमण गर्ने पर्यटकबाट प्रवेश शुल्क उठाउन र चिया पसल सञ्चालन गर्न अन्नपूर्ण गाउँपालिकाले चालु आवमा ५४ लाख रूपैयाँमा ठेक्का सम्झौता गरेको छ । विदेशीले प्रतिव्यक्ति १५० र नेपालीले ५० रूपैयाँका दरले प्रवेश शुल्क तिर्नुपर्छ । घारेपानीमा हाल दैनिक एक हजार जनाभन्दा बढी बास बस्न सक्ने क्षमताका २३ वटा सुविधासम्पन्न होटल छन् ।

समुन्द्री सतहदेखि दुई हजार ८१० मिटर उचाइमा पहाडको टाकुरामा अवस्थित घोरेपानीका अधिकांश होटलका कोठाबाटै हिमाल देख्न पाउनु अर्को विशेषता हो । कास्कीको नयाँपुलबाट उल्लेरीहुँदै पुनहिल आउने पदमार्ग बढी प्रचलित छ । म्याग्दीको अन्नपूर्ण गाउँपालिका, पोखरेबगरबाट पनि त्यहाँ पुग्न सकिन्छ । अधिकांश पर्यटक पुनहिलबाट टाडापानी, घान्द्रुक, नयाँपुलहुँदै पोखरा फर्कने गर्छन् । कतिपय म्याग्दीको पोखरेबगरहुँदै भुरुङ तातोपानी पुग्छन् । त्यो मार्गबाट मुस्ताङतर्फको यात्रा पनि तय गर्न सकिन्छ ।

पर्यटक पथप्रदर्शक गुरुङका अनुसार पुनहिलबाट मोहरे, कोखेडाँडाहुँदै उल्लेरी निस्केर नयाँपुल फर्कने र पर्वततर्फ जाने अर्को पदमार्ग पनि छ । पुनहिलबाट स्वातँहुँदै म्याग्दीको अर्को पर्यटकीयस्थल खोप्रा लेक जाने अर्को पदमार्ग पनि सञ्चालनमा छ । पर्यटकीय नगरी पोखरादेखि नयाँपुलहुँदै एकैदिनमा घोरेपानी पुग्न सकिन्छ । कास्कीको घान्द्रुक, म्याग्दीको भुरुङ तातोपानी र मोहरेडाँडा भएर पनि घोरेपानी पुग्न सकिन्छ । कास्कीको वीरेठाँटी-उल्लेरी-घोरेपानी, नयाँपुल-घान्द्रुक-घोडेपानी, म्याग्दीको नागी-महरे-फूलबारी-घोरेपानी र तातोपानी-घार-शिख हुँदै घोरेपानी पुग्न सकिने गरी पदमार्गहरू सञ्चालनमा छन् ।

म्याग्दीको अन्नपूर्ण गाउँपालिकाको केन्द्र पोखरेबगरहुँदै घार, शिखहुँदै सडकको प्रयोग गरेर पनि घोरेपानी पुग्न सकिन्छ । नयाँपुलदेखि वीरेठाँटी, उल्लेरीहुँदै घारेपानीसम्मै पदयात्रा पनि गर्न सकिन्छ । घोरेपानी-पुनहिललगायत अन्नपूर्ण संरक्षण क्षेत्रमा पर्ने गन्तव्यस्थल प्राकृतिक सौन्दर्य, जैविक विविधता, हिमाली जनजीवन, संस्कृतिलगायत कारणले पर्यटकको रोजाइमा पर्ने गरेका छन् । पर्यटकले कास्की, लमजुङ, मनाङ, म्याग्दीलगायतका मार्गबाट अन्नपूर्ण क्षेत्रको छोटो, मध्यम र लामो दूरीको पदयात्रा तय गर्छन् । सडक मार्गहुँदै पनि यस क्षेत्रका विभिन्न गन्तव्यस्थलमा पुग्न सकिन्छ । *रासस*



'लहरे नाच' | सुर्खेतको चिंगाड गाउँपालिका–४ मटोलास्थित ठाँटीबजारमा लागेको प्रसिद्ध ठाँटी मेलाको तेस्रो दिन पैसरी नृत्य 'लहरे नाच' नाच्दै गाउँका बुढापाकाहरू । *तस्बिरः रासस*

# धान बेच्न किसान रातभर लाइनमा, सरकारी खरिद केन्द्रमा भीड



**घोडाघोडी (कैलाली)–** यहाँको घोडाघोडी नगरपालिका–३ निम्दीका स्वरूप चौधरी शनिबार बिहानै भजनीमा धान बिक्रीका लागि पुगे । सरकारले धानको समर्थन मूल्य तोकी धान खरिद सुरु गरेपछि खाद्य व्यवस्था तथा व्यापार कम्पनीको उपकेन्द्र भजनी गोदाममा पुगेका स्वरूपले त्यो दिन पालो पाएनन् । उनलाई धान बेच्नका लागि चार दिन लाग्यो ।

जिल्लाको भजनी–४ का राजकुमार चौधरीलाई धान बेच्नका लागि चार दिन लाग्यो । सरकारले तोकेको मूल्यमा धान बिक्री गर्न पाइने आशाले किसान उत्साहित छन् । तर खरिद प्रक्रिया ढिलो भई लामो लाइन बस्दा पालो नआउँदा त्यो उत्साह निराशामा बदलिँदै गएको छ । कतिपय किसानले बिहानदेखि बेलुकीसम्म कुर्दा धान बेच्न नपाई घर फर्किनुपरेको छ । कति रातभरै केन्द्र अगाडि बस्छन्, भोलिपल्ट पहिलो पालोमा आफ्नो धान बेच्न सकुन् ।

तीन दिन भयो घर फर्किएको छैन । घोडाघोडीका किसान विष्णु चौधरी भन्छन्, 'धान बेच्न यति दुःख कहिल्यै भएको थिएन । बिहानदेखि बेलुकीसम्म लाइनमा बस्दा पालो आउँदैन, रातमा डल्लफ र धानको सुरक्षा गर्न यही बस्नुपर्छ ।' उनीजस्तै धेरै किसान अहिले सरकारी खरिद केन्द्रमा धान बेच्नका लागि दिनरात लाइनमा उभिरहेका छन् । यस वर्ष सरकारले मोटो धानको मूल्य प्रतिक्विन्टल तीन हजार ४६३ तोकेको छ । बजारमा व्यापारीहरूले कम रकममा किन्ने गरेकाले किसान सरकारी मूल्यमा बेच्ने आशामा केन्द्रमा लामबद्ध छन् ।

जिल्लामा कात्तिक ११ गतेदेखि धान खरिद सञ्चालन गर्ने सूचना निकालिएको थियो । मौसमका कारण कात्तिक १६ गतेदेखि धान खरिद सुरु गरेको भजनी खरिद उपकेन्द्रका कर्मचारी भीमबहादुर बुढा बताउँछन् । प्रतिकिसान ५० क्विन्टलका दरले धान खरिद भइरहेको उनले बताए । बुढाका अनुसार खरिदमा ढिलाइ हुनुको प्रमुख कारण पूर्वाधारको कमी हो । उनी भन्छन्, 'धान खरिदका लागि एउटा काटामात्र सञ्चालनमा छ । किसानको समस्यालाई मध्यनजर गरी नगरपालिकासँग समन्वय गरी अर्को काटा थप्ने तयारी गरिरहेका छौं ।'

कैलाली जिल्लाको अधिकांश भूभाग तराईमै पर्छ, जहाँको मुख्य आम्दानीको स्रोत धानलगायत अन्य बाली हो । यहाँका किसानले वर्षभरको मिहेनत यही बालीमा लगाउँछन् । खेतमा पसिना बगाउने उनीहरूका लागि धान बेच्नुमात्र व्यापार होइन, परिवारको जीविकोपार्जनको आधार हो । तर धान बेच्ने पालो नपाउँदा उनीहरू समस्यामा छन् ।

धान बिक्रीमा ढिलाइ हुँदा किसानको आर्थिक अवस्था प्रभावित भएको छ । खेतमा नयाँ बाली लगाउनका लागि रकम चाहिन्छ, तर धान नबेचेसम्म नगद हातमा आउँदैन । कतिपय किसान बाली बेचेर नै घर चलाउँछन् । घोडाघोडीकी रमिता चौधरी भन्छन्, 'धान बेचेपछि तिरौला भनेर सापटी मागी घर खर्च चलाएको छु । लाइनमा बसेको दुई दिन भयो खै कहिले पालो आउँछ ।'

खाद्य व्यवस्था तथा व्यापार कम्पनीले धान उत्पादनको पकेट क्षेत्रलाई आधार मानी १३ वटा खरिद केन्द्रहरू सञ्चालन गरिरहेको छ । जसअन्तर्गत नेपालभरि नै कैलालीबाट धान खरिद सुरु गरेको छ । भजनी, मोहनपुर, सत्ती, गौरीगंगा, जोशीपुर र टीकापुर गरी जिल्लाका छवटा खरिद उपकेन्द्रमार्फत धान खरिद गरिरहेको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड सुदूरपश्चिम प्रमुख दीपक थापाले जानकारी दिए । सबै उपकेन्द्रहरूमा किसानको लामो लाइन छ ।

कैलालीमा ३५ हजार क्विन्टल धान खरिद गर्ने भनी तोकिएको छ । हिजोसम्म नौ हजार क्विन्टल बढी खरिद भइसकेको छ । सरकारको समर्थन मूल्यमा नै धान खरिद गरिरहेको बताउँदै उनले भने, 'अरू ठाउँमा मूल्य कम पाउने गरेका कारण सबै किसान खरिद केन्द्रमै आएका छन् । जसका कारण निकै भीड छ ।'

अर्कै समस्या जनशक्ति र पूर्वाधर हो । प्रदेश कार्यालयमा कर्मचारीको दरबन्दी कम हुन्छ । चार कर्मचारी, अछाम, बाजुरा, बझाङ, कालिकोटबाट ल्याएको बताउँदै थापाले भने, 'यसपटक सरकारको बजेटमा नै धान खरिद गरेबापत रकम किसानको खातामा हाल्ने व्यवस्था गरेकाले कागजातहरू मिलानका लागि एक जना कर्मचारी त्यही व्यस्त हुन्छन् । त्यसैले धान खरिदमा केही जटिल भएको छ ।' एक उपकेन्द्रमा दुई जना कर्मचारी खटाइएको उनले बताए ।

बिहान १०:०० बजेबाट ४:०० बजेसम्म धान खरिद गर्नुपर्ने भए पनि किसानको चापका कारण बिहान ८:०० देखि सुरु गरी बेलुका ९:०० बजेसम्म नै धान खरिद गरिरहेको उनले बताए । *रासस*

# 'मौरिस हर्जोग' पदमार्ग पुनःसञ्चालन

**म्याग्दी–** अन्नपूर्ण आधार शिविर जोड्ने 'मौरिस हर्जोग' पदमार्ग पुनःसञ्चालनमा आएको छ । आठ हजार ९१ मिटर अग्लो अन्नपूर्ण हिमाल र आधार शिविर म्याग्दीको अन्नपूर्ण गाउँपालिका–४ को भूगोलमा पर्छ ।

यही कात्तिक १० देखि १५ गतेसम्म परेको झरी र हिमपातका कारण स्थानीय प्रशासन र अन्नपूर्ण गाउँपालिकाले उक्त पदमार्ग भ्रमणमा रोक लगाएका थिए । मौसममा सुधार भएपछि पदमार्ग पुनःसञ्चालन भएको अन्नपूर्ण गाउँपालिका–४ का वडासदस्य श्याम पुर्जाले जानकारी दिए ।

'चिसो बढे पनि पर्यटक आगमन रोकिएको छैन,' उनले भने, 'पदमार्ग भ्रमण खुला भएपछि पर्यटकको चहलपहल बढेको छ ।' छोटो अवधिमा पहाडी र हिमाली क्षेत्रको एकैपटक साहसिक यात्रामा रुचि राख्नेहरूका लागि अन्नपूर्ण हिमालको आधार शिविर नयाँ गन्तव्यका रूपमा विकास भएको छ ।

फुतफुते झरना र अन्नपूर्ण हिमालको फेदीमा रहेको नीलो रङको पञ्चकुण्ड ताल हुँदै चार हजार १९० मिटर उचाइमा अवस्थित अन्नपूर्ण आधार शिविर पुगिन्छ । तीन दिनमा नीलगिरि र अन्नपूर्ण हिमालको फेदमा समथर



फाँटमा रहेको आधार शिविर पुगेर फर्कन सकिन्छ ।

नारच्याङदेखि हुमखोलासम्म २० किलोमिटर सडक र हुमखोलादेखि आधार शिविरसम्म आधारभूतस्तरको २२ किलोमिटर पदमार्ग तयार भएको छ । अन्नपूर्ण र नीलगिरि हिमालको फेदीबाट बग्ने मिस्त्रीखोलाको किनारैकिनार, अग्ला झरना, मनमोहक हिमशृंखला, अनौठो भूगोल, पहाड, दुर्लभ वनस्पति, वन्यजन्तुको अवलोकन गर्दै आधार शिविर पुग्न सकिन्छ । *रासस*


**चौदण्डीगढी नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**बेल्टार, उदयपुर**

**कोशी प्रदेश, नेपाल**

## आर्थिक प्रस्ताव खोल्ने सम्बन्धि सूचना

**कार्यालयमा प्रकाशित मितिः २०८२/०७/२१ गते, पत्रिकामा प्रकाशित मितिः २०८२/०७/२२**

दोस्रो हाफमा भने खेलको दिशा पुलिसतर्फ मोडियो । ७०औं मिनेटमा पूजा रानाको फ्रिकिकमा मिनाले हेडमार्फत गोल गर्दै टोलीलाई अग्रता दिलाइन् । ८२औं मिनेटमा कप्तान यशोदा शाहीको त्रुटिलाई सदुपयोग गर्दै रेखाले अर्को गोल गरिन् । संकटाले खेलको अन्त्यतिर सान्त्वना गोल गर्ने अवसर पाएको थियो । तर, सेनु परियारको सट गोलपोस्ट नजिकैबाट बाहिरियो ।

**साउदीमा रोजगार** कम्पनी : RAIZ HOLDING COMPANY LTD

पूर्व स्वीकृति मिति : २०८२/०७/२१ LT. No. 333236 चलानी नं. ६०२४७१३३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office Cleaner | 3 | 0 | 1000 | ३७,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौँमा मिति: २०८२ कात्तिक २९ गते (15th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १५७१/०७९/०८०
SPACE HR SOLUTIONS PVT.LTD
Sukhedhara 4, Kathmandu; Tel: 01-5925496, Whatsapp No.: 9841607558
E-mail: info@spacehrsolution.com, Web: www.spacehrsolution.com



इण्डोनेसियाको बालीस्थित बेदुगुल नजिकैको बेराटन तालमा रहेको उलुन दानु बेराटन हिन्दू मन्दिरमा धार्मिक ऱ्यालीमा भाग लिँदै भक्तजनहरू । *तस्बिरः एपी*

# मध्य एसियाको 'अविश्वसनीय क्षमता'को ट्रम्पले गरे प्रशंसा

**वासिङ्टन–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बिहीबार पहिलोपटक मध्य एसियाका सबै पाँच राष्ट्रका नेताहरूलाई ह्वाइट हाउसमा स्वागत गरेका छन् । यो बैठक उनले रुसका राष्ट्रपति भ्लादिमिर पुटिन र चीनका राष्ट्रपति सी चिनफिङसँग छुट्टाछुट्टै शिखर सम्मेलन गरेपछि भएको हो ।

पश्चिमी मुलुकहरूले स्रोत सम्पन्न यस क्षेत्रमा आफ्नो चासो बढाइरहेका बेला मस्कोको युक्रेनमाथिको आक्रमणपछि त्यसको परम्परागत प्रभावक्षेत्रमा प्रश्न उठेका छन् । यसबीच चीन पनि यहाँको एक प्रमुख खेलाडीका रूपमा देखापरिरहेको छ ।

रात्रिभोजअघि सम्बोधन गर्दै राष्ट्रपति ट्रम्पले भने, 'हामी हाम्रो आर्थिक साझेदारी सुदृढ गर्दै छौं, सुरक्षा सहयोग विस्तार गर्दै छौं र आपसी सम्बन्ध अझ प्रगाढ बनाउँदै छौं ।' उनले कजाकिस्तान, किर्गिस्तान, ताजिकिस्तान, तुर्कमेनिस्तान र उज्वेकिस्तानका राष्ट्रपतिहरूसँगको 'सी ५+१' शिखर सम्मेलनमा दुर्लभ खनिजहरूको 'अविश्वसनीय महत्त्व र क्षमता' को प्रशंसा गरे ।

उनले सामाजिक सञ्जालमार्फत उज्वेकिस्तानसँग 'अविश्वसनीय व्यापारिक तथा आर्थिक सम्झौता' भएको घोषणा गर्दै तासकन्दले आगामी तीन वर्षमा करिब ३५ अर्ब अमेरिकी डलर र एक दशकमा एक खर्ब डलरभन्दा बढीको लगानी उड्डयन, खनिज, कृषि र सूचना प्रविधि क्षेत्रहरूमा गर्ने घोषणा गरे ।

संयुक्त राज्य अमेरिका र युरोपेली संघ



(इयू) दुवै यस क्षेत्रका विशाल, तर अझै पनि प्रायः अप्रयुक्त प्राकृतिक स्रोतहरूतर्फ आकर्षित भएका छन् । उनीहरू आफ्नो दुर्लभ पृथ्वीका स्रोतहरू विविधीकरण गर्न र चीनमाथिको निर्भरता घटाउन इच्छुक छन् ।

कजाकिस्तान विश्वकै सबैभन्दा ठूलो युरेनियम उत्पादक हो भने उज्वेकिस्तानसँग विशाल सुन भण्डार छ र तुर्कमेनिस्तान ग्यासमा धनी देश हो । पर्वतीय किर्गिस्तान र ताजिकिस्तानले पनि नयाँ खनिज भण्डारहरू पत्ता लगाइरहेका छन् । यद्यपि कठोर भूभाग र सीमित पूर्वाधारका कारण ती स्रोतहरूको दोहन चुनौतीपूर्ण रहेको छ ।

लगभग युरोपेली संघ (इयू) जत्तिकै ठूलो तर करिब सात करोड ५० लाख जनसंख्या भएको मध्य एसिया भू-आवेष्ठित क्षेत्र हो, जसलाई मरुभूमि र हिमशृंखलाहरूले घेरेका छन् । यो उत्तरमा रुस, पूर्वमा चीन र दक्षिणमा इरान तथा अफगानिस्तानबीच अवस्थित रहेको छ ।

राष्ट्रपति ट्रम्पका समकक्षीहरू पनि उनको प्रशंसा गर्न हिच्किचाएनन् । कजाख राष्ट्रपति कासिम-जोमार्ट टोकायेभले भने, 'तपाईं महान नेता हुनुहुन्छ, राजनीतिज्ञ हुनुहुन्छ र हामी सबैले मूल्य दिने परम्परागत सोच र सामान्य ज्ञान फर्काउन स्वर्गले पठाउनुभएको हो ।'


त्यस्तै, उज्वेकिस्तानका राष्ट्रपति सावकत मिर्जियोयेभले पनि भने, 'यसअघि कुनै पनि अमेरिकी राष्ट्रपतिले मध्य एसियालाई तपाईंजस्तो सम्मानका साथ व्यवहार गरेको थिएन । उज्वेकिस्तानमा हामी तपाईंलाई 'विश्वका राष्ट्रपति' भन्छौं ।'

सन् १९९१ मा सोभियत संघबाट स्वतन्त्रता प्राप्त गरेका यी पाँच देशले अहिले कूटनीतिक रूपमा एक साझा मोर्चा बनाइरहेका छन् । चीनले कजाकिस्तान, किर्गिस्तान र ताजिकिस्तानसँग सीमा साझा गर्दै यहाँ विशाल पूर्वाधार परियोजनाहरूमा लगानी गर्दै आएको छ, जसले त्यसलाई क्षेत्रीय प्रमुख आर्थिक साझेदारका रूपमा स्थापित गरेको छ । यद्यपि, युक्रेनमाथिको आक्रमणपछि मस्कोप्रतिको विश्वास घटेको देखिन्छ ।

यसैबीच, कजाकिस्तानले इजरायल र मुस्लिम राष्ट्रहरूबीचको अब्राहम सम्झौतामा सामेल हुने घोषणा गरेर दिनको सबैभन्दा ठूलो समाचार बनायो । सन् २०२० मा संयुक्त अरब इमिरेट्स, बहराइन, मोरक्को र सुडानले इजरायलसँग सम्बन्ध सामान्यीकरण गरेका थिए । कजाकिस्तान त्यसपछि सामेल हुने पहिलो देश बन्ने छ । अमेरिकी उपराष्ट्रपति जेडी भान्सले यस कदमले शान्ति पहलमा नयाँ 'गति र आशा' ल्याउने बताए । *रासस/एएफपी*

# डिजिटल जनगणनाको तयारीमा भारत

**नयाँदिल्ली–** भारत सरकारले सन् २०२७ मा आयोजना गर्न लागिएको विश्वकै सबैभन्दा ठूलो र पहिलो पूर्णडिजिटल जनगणनाको तयारीस्वरूप मोबाइल सफ्टवेयर प्रणालीको परीक्षण प्रारम्भ गरेको छ ।




यो जनगणना सन् २०११ पछि पहिलो हुने छ र स्वतन्त्र भारतमा पहिलोपटक नागरिकहरूको जाति विवरण दर्ता गरिने छ । जाति गणना अन्तिमपटक सन् १९३१ मा ब्रिटिस शासनकालमा गरिएको थियो । जाति गणनालाई राजनीतिकरूपमा संवेदनशील अभ्यासका रूपमा हेरिन्छ ।

गृह मन्त्रालयका अनुसार दक्षिणी राज्य कर्नाटकका चयन भएका क्षेत्रहरूमा नोभेम्बर १० देखि २० दिनसम्म परीक्षण सञ्चालन गरिनेछ । उक्त परीक्षणले मोबाइल एपमार्फत डेटा संकलन प्रणाली र आत्मगणनाको वैकल्पिक विकल्पको कार्यक्षमता परीक्षण गर्ने छ ।

'यस परीक्षणको उद्देश्य विभिन्न भौगोलिक क्षेत्रहरू (सहरी क्षेत्रदेखि सीमित मोबाइल नेटवर्क भएका दुर्गम स्थानहरूसम्म) डिजिटल प्रणालीको कार्यक्षमता र विश्वसनीयताको मूल्यांकन गर्नु हो,' मन्त्रालयले विज्ञप्तिमा उल्लेख गरेको छ, 'यो अभ्यास परम्परागत कागज-आधारित प्रणालीलाई विस्थापित गर्दै भारतको पहिलो पूर्णडिजिटल जनगणनातर्फको ऐतिहासिक कदम हो ।'

डिजिटल जनगणनाको तयारी भारतका लागि ठूलो प्राविधिक र व्यवस्थापकीय चुनौती पनि हो । सन् २०२४ को आमनिर्वाचनमा देशले इलेक्ट्रोनिक मतदान प्रणाली अपनाएको थियो र यो छ हप्तासम्म सात चरणमा सम्पन्न भएको थियो । तर जनगणना भने देशव्यापीरूपमा एकैपटक सम्पन्न गर्नुपर्ने भएकाले यो अझ जटिल कार्य हुने छ ।

मुख्य गणना सन् २०२७ मार्च १ मा सुरु हुने तय गरिएको छ । यद्यपि, हिमालयका उच्च उचाइ क्षेत्रहरू (हिमाञ्चल प्रदेश, उत्तराखण्ड, लद्दाख र जम्मू-काश्मीरका विवादित क्षेत्रहरूमा) हिमपात सुरु हुनुअघि नै सन् २०२६ अक्टोबर १ देखि जनगणना सुरु गरिने छ ।

भारतमा जाति सामाजिक संरचनाको शक्तिशाली निर्धारक मानिन्छ । यसले नागरिकहरूको सामाजिक हैसियत, शैक्षिक अवसर र स्रोत साधनप्रतिको पहुँचमा गहिरो प्रभाव पार्दछ । अनुमानअनुसार भारतको करिब एक अर्ब ४० करोड जनसंख्यामध्ये दुई तिहाइभन्दा बढी व्यक्ति ऐतिहासिकरूपमा वञ्चित समुदायमा पर्ने विश्वास गरिन्छ । सहस्राब्दी पुरानो हिन्दू सामाजिक पदानुक्रमले मानिसहरूलाई कार्य र सामाजिक स्थितिका आधारमा वर्गीकृत गरेको पाइन्छ ।

प्रधानमन्त्री नरेन्द्र मोदीको भारतीय जनता पार्टी (भाजपा) ले विगतमा जाति-आधारित गणनाको विरोध गर्दै यस्तो अभ्यासले सामाजिक विभाजनलाई गहिरो बनाउने तर्क गरेको थियो । तर, यस वर्ष मे महिनामा सरकारले नयाँ सर्वेक्षणलाई समर्थन प्रदान गरेको छ ।

समर्थकहरूले विस्तृत जनसांख्यिकीय तथ्यांक सामाजिक न्यायका कार्यक्रमहरूका लागि अत्यावश्यक हुने बताउँदै आएका छन् । यसमा विश्वविद्यालयका सिटहरू र सरकारी सेवामा सामाजिकरूपमा वञ्चित समुदायका लागि आरक्षण व्यवस्था थप प्रभावकारी बनाउन सकिने अपेक्षा गरिएको छ ।

अघिल्ला सरकारहरूले प्रशासनिक जटिलता र सम्भावित सामाजिक अशान्तिको डर देखाउँदै जातिसम्बन्धी तथ्यांक अद्यावधिक गरेका थिएनन् । साथै, सन् २०११ को जनगणनासँगै गरिएको जाति सर्वेक्षणको नतिजा अधिकारीहरूले त्रुटिपूर्ण भएको बताउँदै सार्वजनिक गरेका थिएनन् । भारतले यसपटकको डिजिटल जनगणनालाई राष्ट्रिय प्रशासनिक प्रणालीको आधुनिकीकरणतर्फको ऐतिहासिक मोडका रूपमा हेरेको छ । *रासस/एएफपी*

# खर्बपति बन्ने दिशामा एलन मस्क, टेस्ला सेयरधनीहरूद्वारा रेकर्ड तलब योजना पारित

**टेक्सास–** अमेरिकी विद्युतीय सवारी निर्माता कम्पनी टेस्लाका सेयरधनीहरूले कम्पनीका प्रमुख कार्यकारी अधिकृत (सिइओ) एलन मस्कका लागि ऐतिहासिक तलब प्याकेज स्वीकृत गरेका छन् । उक्त स्वीकृतिले टेस्लाले तय गरेका महत्त्वाकांक्षी आर्थिक लक्ष्यहरू पूरा गरेमा उनलाई विश्वको पहिलो खर्बपति बनाउने सम्भावना देखाएको छ ।

टेस्लाको वार्षिक सेयरधनी बैठक बिहीबार सम्पन्न भएको थियो । बैठकमा करिब ७५ प्रतिशतभन्दा बढी सेयरधनीले मस्कको स्टक-आधारित क्षतिपूर्ति योजनाको समर्थनमा मतदान गरे । परिणाम घोषणा भएपछि हल उत्साह र हर्षध्वनिले गुञ्जायमान भएको बताइएको छ । 'म यो समर्थनका लागि अत्यन्त आभारी छु,' मस्कले मतदानपछि सेयरधनीहरू र टेस्लाको सञ्चालक मण्डललाई धन्यवाद दिँदै भने ।

धेरै सिइओहरूले जस्तो मासिक तलब वा



बोनस नलिने मस्कको आम्दानी पूर्णरूपमा कम्पनीका सेयर विकल्पहरूमा आधारित छ । नयाँ स्वीकृत प्याकेजअन्तर्गत टेस्लाले यदि ८५ खर्ब अमेरिकी डलरको बजार मूल्य हासिल गर्न सफल भयो भने उनलाई आगामी दशकमा ४२ करोड ३७ लाख टेस्ला सेयरहरू प्राप्त हुने छ- जसको मूल्य करिब १० खर्ब अमेरिकी डलर बराबर हुने छ ।

यो लक्ष्य पूरा गर्नका लागि टेस्लाको सेयर मूल्य हालको स्तरबाट करिब ४६६ प्रतिशतले बढ्नुपर्ने छ, जसले कम्पनीलाई हाल विश्वकै सबैभन्दा ठूलो मूल्यांकन भएका एनभिडियाभन्दा पनि माथि पुऱ्याउने छ । एनभिडियाको बजार मूल्य हाल करिब ५० खर्ब अमेरिकी डलर रहेको छ ।

यदि मस्कले स्टक अवार्डका सबै १२ किस्ताहरू प्राप्त गरे भने उनको दैनिक औसत आय करिब २७ करोड ५० लाख अमेरिकी डलर पुग्ने छ । यसलाई इतिहासकै सबैभन्दा ठूलो कार्यकारी तलब सम्झौता मानिने छ ।

टेस्लाको सञ्चालक मण्डलले सेयरधनीहरूलाई चेतावनी दिँदै उक्त योजना अस्वीकृत भए मस्क कम्पनीबाट टाढा जान सक्ने सम्भावना रहेको बताएका थिए । *रासस/एएनआई*

# जापानले दुई वर्षमा पहिलोपटक पुनः सुरू गऱ्यो चीनमा समुद्री खाद्य निर्यात

**टोकियो–** दुई वर्षअघि फुकुसिमा दाइची आणविक ऊर्जा संयन्त्रबाट प्रशोधित रेडियोधर्मी फोहोर पानी समुद्रमा छोडिएपछि चीनले जापानी समुद्री खाद्यपदार्थमा लगाएको प्रतिबन्ध अन्ततः हटेको छ । जापानले शुक्रबार यस कदमपछि पहिलोपटक चीनलाई समुद्री खाद्य निर्यात पुनः सुरु गरेको घोषणा गरेको हो ।

मुख्य क्याबिनेट सचिव मिनोरु किहाराका अनुसार, होक्काइडोमा उत्पादन गरिएको करिब छ मेट्रिक टन (६.६ टन) स्क्यालप बुधबार चीन पठाइएको थियो । यो ढुवानी सन् २०२३ को अगस्टमा बेइजिङले सबै जापानी समुद्री खाद्य पदार्थमाथि लगाएको प्रतिबन्धपछि पहिलो आधिकारिक निर्यात हो ।

किहाराले पत्रकारहरूलाई भने, 'यो पुनः सुरु जापान-चीन सम्बन्धमा सकारात्मक प्रगति हो । सरकारले यसलाई समुद्री खाद्य निर्यातका लागि महत्त्वपूर्ण अवसरका रूपमा लिएको छ ।' उनले चिनियाँ पक्षलाई बाँकी जापानी निर्यातकहरूको आवेदन पुनः दर्ता गर्न आग्रह गरेको छ ।

चीनले लामो वार्तापछि गत जुन महिनामा प्रतिबन्धलाई क्रमशः सहज बनाउने र आयात पुनः सुरु गर्ने तयारी गर्ने घोषणा गरेको थियो । फुकुसिमा दाइची ऊर्जा संयन्त्रबाट प्रशोधित फोहोर पानीको निकासी जापानभित्रै लामो समयदेखि विवादास्पद विषय बन्यो । यसले स्थानीय उत्पादनको प्रतिष्ठामा असर मात्र नपारी छिमेकी देशहरू (विशेषगरी चीन र दक्षिण कोरिया) सँगको सम्बन्धमा पनि तनाव ल्यायो ।

प्रतिबन्धका कारण जापानको समुद्री खाद्य उद्योग, विशेषतः स्क्यालप र समुद्री काँक्रा निर्यातमा ठूलो असर परेको थियो । चीन जापानी समुद्री खाद्यपदार्थहरूको सबैभन्दा ठूलो विदेशी बजार हो । हाल पनि चीनले फुकुसिमा र वरपरका नौ प्रान्तका समुद्री उत्पादनमाथि प्रतिबन्ध कायम राखेको छ । किहाराका अनुसार, जापानले बाँकी प्रतिबन्धहरू हटाउन र जापानी गोमांसको आयात पनि पुनः सुरु गर्न चीनलाई निरन्तर आग्रह गर्ने छ । *रासस/एपी*


## मलेसियामा रोजगार

कम्पनी : SATRIA PERKASA SECURITY SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०६/२६ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०७/२१ | LT. No. 332301 | चलानी नं. ६०२४५९७४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 39 | 0 | 1700 | ५७,७६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : Z&Z FORCE SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०६/03 | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०७/२१ | LT. No. 331306 | चलानी नं. ६०२४५०४७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security | 36 | 0 | 1700 | ५७,७६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : BB KAWALAN SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०७/०९ | LT. No. 332789 | चलानी नं. ६०२४७१७८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 50 | 0 | 1700 | ५७,७६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ मंसिर २ गते (18th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

RAJ GROUP
Raj Group Of Company Pvt.Ltd.
Basundhara–3, Kathmandu, Nepal Tel : 0977-01-5903550, 5903660, Email : info@rajgroupnepal.com URL: www.rajgroupnepal.com

## कतारमा रोजगार

कम्पनी : MOHAMMED BIN ABDULLAH CONTRUCATION AND MAINTENANCE GROUP

पूर्व स्वीकृति मिति : २०८२/०४/१९ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०७/२१ | LT. No. 328406 | चलानी नं. ६०२४२३६०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BRICK MASONS | 2 | 0 | 1300 | ५०,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Carpenter | 1 | 0 | 1600 | ६१,७३५ | | | | | | | |
| 3 | Electrician. | 2 | 0 | 2200 | ८४,८८५ | | | | | | | |
| 4 | FIREMAN | 1 | 0 | 2000 | ७७,१७० | | | | | | | |
| 5 | Foreman | 1 | 0 | 2600 | ११०,३२० | | | | | | | |
| 6 | Labour | 4 | 0 | 1100 | ४२,४४५ | | | | | | | |
| 7 | Mason (GCC) | 1 | 0 | 1200 | ४६,३०० | | | | | | | |
| 8 | Mason (Nepal) | 1 | 0 | 1200 | ४६,३०० | | | | | | | |
| 9 | Mason. | 1 | 0 | 1500 | ५७,८७५ | | | | | | | |
| 10 | Painter | 3 | 0 | 1400 | ५४,०२० | | | | | | | |
| 11 | Supervisor | 2 | 0 | 3000 | ११५,७५५ | | | | | | | |
| 12 | Tile Maker | 1 | 0 | 1200 | ४६,३०० | | | | | | | |
| 13 | Tile Maker (mason) | 1 | 0 | 1500 | ५७,८७५ | | | | | | | |
| 14 | Welder | 1 | 0 | 1600 | ६१,७३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ कात्तिक २९ गते (15th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SAMPAANATA OVERSEAS PVT. LTD.
Kathmandu, Nepal. Tel: 01-5913054, Email: infosampaanta@gmail.com, info@sampaanataoverseas.com Web: www.sampaanataoverseas.com
Govt. License 1579/079/080

## कुवेतमा रोजगार

कम्पनी : HEAVY ENGINEERING INDUSTRIES & SHIPBUILDING CO. K.S.C.

पूर्व स्वीकृति मिति : २०८२/०७/२१ | LT. No. 333430 | चलानी नं. ६०२४७१६९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Civil Helper | 100 | 0 | 95 | ४३,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Labour | 100 | 0 | 95 | ४३,८८० | | | | | | | |
| 3 | Steel Fixers (RCC) | 15 | 0 | 130 | ६०,०४५ | | | | | | | |
| 4 | Civil Foreman | 25 | 0 | 195 | ९०,०७० | | | | | | | |
| 5 | GL Carpenter | 20 | 0 | 130 | ६०,०४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ कात्तिक २९ गते (15th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ५५९/०६२/०६३
Swift Gurkha International Pvt. Ltd.
Samakhusi, Tokha Road, Ktm, Nepal. Tel: +9771 4352128, 4389471, 4350987, 9823726091, Fax: +977-1-4350534

## युएइ/ओमनमा रोजगार

कम्पनी : BAM LADIES BEAUTY SALON

पूर्व स्वीकृति मिति : २०८२/०७/२१ | LT. No. 333049 | चलानी नं. ६०२४७०९७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HAIRDRESSER | 0 | 1 | 1500 | ५७,८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | MANICURIST | 0 | 2 | 1500 | ५७,८०० | | | | | | | |

कम्पनी : FIRDOUS FUTURE SPC

पूर्व स्वीकृति मिति : २०८२/०७/२१ | LT. No. 332466 | चलानी नं. ६०२४७०९५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब OR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Meat Griller | 2 | 0 | 150 | ५५,२०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Sandwish Maker | 3 | 0 | 150 | ५५,२०५ | | | | | | | |
| 3 | Foreign Food Cook | 2 | 0 | 150 | ५५,२०५ | | | | | | | |
| 4 | Bakery /pastery Maker | 2 | 0 | 150 | ५५,२०५ | | | | | | | |
| 5 | Dish Washer/kitchen Helpers | 2 | 0 | 120 | ४४,१६५ | | | | | | | |
| 6 | Juice Maker (Fresh Juice) | 2 | 0 | 140 | ५१,५२५ | | | | | | | |

कम्पनी : THAZJ FOOD PROJECT INVESTMENT LLC

पूर्व स्वीकृति मिति : २०८२/०७/२१ | LT. No. 332467 | चलानी नं. ६०२४७०९६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब OR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter (General) | 0 | 4 | 150 | ५५,२०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Sandwish Maker | 2 | 0 | 150 | ५५,२०५ | | | | | | | |
| 3 | Dish Washer/kitchen Helpers | 7 | 0 | 120 | ४४,१६५ | | | | | | | |
| 4 | Juice Maker (Fresh Juice) | 4 | 0 | 140 | ५१,५२५ | | | | | | | |
| 5 | Waiter - Coffee Shop | 9 | 0 | 140 | ५१,५२५ | | | | | | | |
| 6 | Bakery-i (Baker General) | 3 | 0 | 150 | ५५,२०५ | | | | | | | |
| 7 | Cdp/cook General | 3 | 0 | 150 | ५५,२०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ कात्तिक २९ गते (15th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.Lic. No 1726/081/082
S.N.K. FACILITIES MANAGEMENT PVT. LTD.
Bafal-13, Kathmandu, Nepal, T: 01-5922923
Mob: 9860603888, Email:- snkhrc@gmail.com, Web: www.snkmanpower.com

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला – २३८४०० | प्रति तोला – ० | प्रति तोला – ३०२० |



**तोरी पहेँलै** | दाङको घोराही उपमहानगरपालिका–१२ हापुरका किसानको खेतमा पहेँलपुर भएर फुलेको तोरी । हिउँदे वर्षाले तोरीबालीलाई राम्रो गरेको किसान बताउँछन् । *तस्बिर : रञ्जिता अधिकारी/रासस*

## ‘राजस्व चुहावटमा देखिएको कमजोरी समाधान गर्नुपर्छ’

■ प्रभाव संवाददाता



**वीरगञ्ज–** अर्थमन्त्री रामेश्वरप्रसाद खनालले राजस्व चुहावटमा देखिएका कमीकमजोरी सरोकार भएका निकायसँग आवश्यक सहकार्य र समन्वय गरी समाधान गर्नुपर्नेमा जोड दिएका छन् । वीरगञ्ज भन्सार कार्यालयमा शुक्रबार भएको राजस्व चुहावट नियन्त्रण समन्वय समितिको बैठकमा अर्थमन्त्री खनालले चोरीतस्करी नियन्त्रणका लागि सरोकार भएका निकायबीच समन्वय गरेर काम गर्न सबैलाई अनुरोध गरे । उनले झोलेपोके तस्करीलाई बाटोमा समात्नेभन्दा पनि जहाँ पुऱ्याइन्छ सोही ठाउँबाट नियन्त्रण लिन सरोकार भएका निकायलाई निर्देशन दिए ।

‘दैनिक गुजरा चलाउनका लागि सरसमान ल्याउने र तस्करी गर्नेबीच छुट्याएर आवश्यक कारबाही प्रक्रिया अघि बढाउनका लागि अनुरोध गर्दछु’, अर्थमन्त्री खनालले भने । राज्यका सबै निकायले एकापसमा समन्वय र सहकार्य गरेर राजस्व चुहावट नियन्त्रणमा प्रभावकारी कदम चाल्नुपर्ने उनले धारणा व्यक्त गरे ।

‘सबै निकाय एउटै हौँ । परस्पर प्रतिस्पर्धी होइनौँ । राजस्वको जिम्मेवारी अर्थमन्त्रालयको मात्रै नभएर राज्यका सबै निकायको हो । त्यसैले हातेमालो गरेर काम गर्न जरुरी छ’, मन्त्री खनालले भने, ‘राजस्व चुहावटमा देखिएका कमीकमजोरी संयुक्त रूपमा मिलेर समाधान गर्नका लागि निर्देश गर्दछु ।’

अर्थमन्त्री खनालले स्थानीय प्रशासन, भन्सार कार्यालय, तीनवटै सुरक्षा संयन्त्रसहित सरोकार भएका सबै निकायबीच एकापसमा समन्वय र सहकार्य गरी अवैध चोरीपैठारी र निकासी रोक्न प्रभावकारी काम गर्नुपर्नेमा जोड दिए । ‘तीनवटै सुरक्षा निकायले पनि सूचना समन्वयमा सहकार्य गर्न जरुरी छ’, उनले भने, ‘सुरक्षा निकायबाट बरामदी लक्ष्य बढाउने विषय पनि त्यति राम्रो होइन । सोतर्फ ध्यान दिन आग्रह गर्दछु ।’

अर्थमन्त्री खनालले सीमामा बस्ने कर्मचारी तथा राजस्वसँग सम्बन्धित कर्मचारीहरूले सेवाग्राहीसँग बोली र व्यवहारमा नम्र र सभ्य व्यवहार गर्नुपर्ने बताए । सेवाग्राहीका लागि हामी खटिएकाले उनीहरूको भावनाअनुसार काम गर्न सबै कर्मचारीलाई उनले आह्वान गरे ।

अर्थमन्त्रालयका महाशाखा प्रमुख उत्तरकुमार खत्रीले चोरीतस्करी नियन्त्रण गर्ने अहिले उपयुक्त समय भएको बताए । ‘ अहिले काम गर्नका लागि कुनै पनि राजनीतिक दबाब र प्रभाव नआउने भएकाले पनि सही ढंगले कार्यसम्पादन गर्न अनुरोध गर्दछु’, उनले भने, ‘राजस्व चुहावट नियन्त्रणमा सक्रिय भई लाग्न निर्देश गर्दछु ।’

राजस्व अनुसन्धान विभागका महानिर्देशक तीर्थराज चिलुवालले सीमा क्षेत्रबाट हुने तस्करी नियन्त्रणका लागि प्रभावकारी कदम चाल्न सरोकार भएका सबैसँग अनुरोध गरे । भन्सार विभागका महानिर्देशक श्यामप्रसाद भण्डारीले राजस्व चुहावट नियन्त्रणका लागि संयुक्त प्रयास जरुरी रहेकामा जोड दिए ।

पर्साका प्रमुख जिल्ला अधिकारी भोला दाहालले राजस्व चुहावट नियन्त्रणका लागि सरोकार भएका निकायसँग सहकार्य र समन्वय गरी योजनाबद्ध कदम चाल्ने प्रतिबद्धता व्यक्त गरे । वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक विष्णुप्रसाद ज्ञवालीले वीरगञ्ज भन्सार कार्यालयको राजस्व संकलन उत्साहजनक भएको बताए । ‘चालु आवको तीन महिनामा लक्ष्यको ८९ प्रतिशत राजस्व संकलन भएको छ’, उनले भने, ‘गत आवको तीन महिनाको तुलनामा राजस्व संकलन १२ दशमलव ३४ प्रतिशतले वृद्धि भएको छ ।’

## नेपालगञ्ज विमानस्थलमा अत्याधुनिक ‘टर्मिनल’ भवन

■ प्रभाव संवाददाता

**नेपालगञ्ज–** पश्चिम नेपालको नेपालगञ्ज विमानस्थलमा अत्याधुनिक ‘टर्मिनल’ भवन निर्माण भएको छ । तोकिएको समयअघि निर्माण सकिएको उक्त भवन केही दिनमा नेपालगञ्ज विमानस्थल टर्मिनल भवन आयोजनालाई हस्तान्तरण गरिने छ ।

नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारीले शुक्रबार नेपालगञ्ज विमानस्थलमा निर्माण सम्पन्न भएको टर्मिनल भवनको निरीक्षण गर्दै यथाशीघ्र यो टर्मिनल भवन सञ्चालनमा आउने गरी काम भइरहेको जानकारी दिए । उनले पोखरा, भैरहवा र त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलभन्दा गुणस्तरीय भवन निर्माण भएको बताउँदै यसले रोजगारी वृद्धिमा समेत टेवा पुऱ्याउने विश्वास व्यक्त गरे ।

काठमाडौँपछिको ठूलो विमानस्थल मानिएको नेपालगञ्ज विमानस्थालबाट भारतको प्रमुख सहर दिल्ली, लखनउ उडान गर्ने उद्देश्य राखिएको उल्लेख गर्दै महानिर्देशक अधिकारीले उडानका सन्दर्भमा नेपाल र भारतबीच छलफल जारी रहेको बताए । ‘नेपालगञ्ज विमानस्थलको टर्मिनल भवनबाट अन्तरराष्ट्रिय विमानको उडान गर्न पनि सहज हुनेछ’, उनले भने ।

धनी मुलुकबाट नेपाल आएका पर्यटकले यहाँको विमानस्थल हेरेर गरिब देशमा आएको अनभूत गरे विमान तथा उडानको अन्तरराष्ट्रिय व्यापार टिकाउ हुन नसक्ने उल्लेख गर्दै उनले समयको मागअनुसार अत्याधुनिक टर्मिनल भवन निर्माण गरिएको बताए ।

नेपालगञ्ज विमानस्थल टर्मिनल भवन आयोजनाका प्रबन्धक नलविक्रम थापाले म्याद सकिनुभन्दा करिब डेढ महिनाअघि निर्माण कम्पनीले काम पूरा गरेको जानकारी दिए । उनका अनुसार सो टर्मिनल भवनका लागि कुल लागत रु दुई अर्ब ९८ करोड रहेको छ । उनले भने, ‘काम एकदमै सन्तोषजनक छ, सबै काम गुणस्तरीय छन्, हाम्रा इन्जिनियरको प्रत्यक्ष निगरानीमा काम सम्पन्न भएको छ ।’

शर्मा एण्ड कम्पनीका अध्यक्ष एवं प्रबन्ध निर्देशक रमेश शर्माले करिब दुई महिनाअघि विमानस्थलको टर्मिनल भवनको निर्माण सकिएको उल्लेख गर्दै अन्तरराष्ट्रिय उडानसमेत गर्न मिल्नेगरी काम भएको बताए । नेपालमा निर्माण व्यवसायीले समयमा काम गर्न सक्दैनन् भन्ने भाष्य बनेको छ, त्यसलाई चिर्न सकिएको उनको भनाइ छ ।

अत्याधुनिक प्रविधि र सुविधा समेटिएको भवनले ‘पिकआवर’मा प्रतिघण्टा एक हजार ६०० यात्रुलाई सेवा दिन सक्ने बताइएको छ । विसं २०७९ पुसदेखि काम सुरु गरेको निर्माण कम्पनीले तीन वर्ष अर्थात् आगामी पुसमा सक्नेगरी तीव्रता दिएको थियो । टर्मिनल भवन सेमी बेसमेन्टसहित तीन तलाको छ । जसको बेसमेन्ट कमर्सियल प्रयोजनका लागि निर्माण गरिएको छ ।

पाँच हजार ७५ स्क्वायर मिटरको क्षेत्रफल ओगटेको टर्मिनल भवनभित्र यात्रु चेकजाँच काउन्टर १४, भिआइपी कक्ष तीन, बच्चाका लागि खेल्ने क्षेत्र (चिल्ड्रेन प्लेइङ एरिया) एक, भन्सार र क्वारेन्टिइन चेकजाँचका लागि अलगअलग कक्ष निर्माण गरिएका छन् ।  नयाँ टर्मिनल भवनभित्र बगैँचाका साथै पाँचदेखि १४ मिटर फराकिलो बाटो निर्माण गरिएको छ । टर्मिनल भवनको पेरिफेरिमा ढल निकास तथा बढी भएको पानी निकासका लागि उचित नालाको व्यवस्थापनसमेत गरिएको छ ।

## ‘राष्ट्रिय बृहत् आर्थिक बहस’ आयोजना गर्दै महासंघ

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल उद्योग वाणिज्य महासंघले शनिबार काठमाडौँमा ‘राष्ट्रिय बृहत् आर्थिक बहस’ कार्यक्रमको आयोजना गर्ने भएको छ ।

कार्यक्रममा प्रधानमन्त्री सुशीला कार्कीसहित अर्थ, संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री रामेश्वरप्रसाद खनाल, ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र सहरी विकासमन्त्री कुलमान घिसिङ, गृहमन्त्री ओमप्रकाश अर्याल र उद्योग, वाणिज्य तथा आपूर्ति, कानुन, न्याय तथा संसदीय मामिला, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री अनिलकुमार सिन्हाको सहभागिता रहने महासंघले जनाएको छ ।

यस्तै कार्यक्रममा मुख्यसचिव, नेपाल राष्ट्र बैंकका गर्भनर, विभिन्न मन्त्रालयका सचिवहरू, नेपालस्थित विभिन्न देशका राजदूतहरू, विकास साझेदार र नियोगका प्रमुख एवं प्रतिनिधि तथा निजी क्षेत्रका संस्थाका प्रमुख तथा पदाधिकारीको सहभागिता रहनेछ ।

जेनजी आन्दोलन र त्यसपछि देशको समग्र आर्थिक परिस्थिति र आगामी कार्यदिशाका बारेमा साझा धारणा तय गर्न ‘राष्ट्रिय बृहत् आर्थिक बहस’ आयोजना गरिएको महासंघले जनाएको छ । उद्योग वाणिज्य महासंघले यसअघि पनि २०८० सालमा राष्ट्रिय बृहत आर्थिक बहस पहिलो शृंखला आयोजना गरेको थियो ।

## सबैभन्दा ठूलो धर्म मानवसेवा : अध्यक्ष ढकाल

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले सबैभन्दा ठूलो धर्म मानव सेवा हो भन्दै धर्मसँग मानवीय सेवालाई जोडेर हेर्नुपर्ने बताएका छन् ।

मानव सेवा आश्रम बागलुङ शाखाको भवन निर्माणका लागि शुक्रबारदेखि बागुलङमा आयोजित श्रीमद भागवत ज्ञान महायज्ञको शुक्रबार उद्घाटन गर्दै अध्यक्ष ढकालले भने, ‘सबैभन्दा ठूलो धर्म भनेको मानव सेवा हो, यसलाई मानव धर्म पनि भनिन्छ । त्यसैले मानवीय भावनालाई धर्मसँग जोडेर हेर्नुपर्छ ।’

अध्यक्ष ढकालले वैदिक सनातन धार्मका हिसाबले महत्वपूर्ण रहेको गण्डक क्षेत्रमा पछिल्लो समय धार्मिक गतिविधि बढेको र यसलाई थप तिब्रता दिई बागलुङ जिल्ला सहित यस क्षेत्रको प्रचारप्रसार गर्नुपर्नेमा जोड दिए ।



उनले भने, ‘बागलुङ धार्मिक पवित्र भूमि हो, यही स्वरूपमा यसलाई चिनाउन आवश्यक छ ।’

उनले भने, ‘मुक्तिनाथ र दामोदरकुण्डको काखमा रहेको पवित्र कालीगण्डकी तटमा मानवताको मन्दिर निर्माण हुन लागेकोमा खुसी लागेको छ । मेरो जन्मस्थानमा निर्माण हुन लागेको यस आश्रमको भवनका लागि व्यक्तिगत र संस्थागत रूपमा सहभागी हुनेछु ।’

विश्वका हिन्दु धर्मावलम्बीहरूका आस्थाका धरोहर मुक्तिनाथ क्षेत्र दामोदर कुण्डदेखि गलेश्वर हुँदै बागलुङ कालिका, मोदीवेणी धाम, जैमिनी ऋषिले तपस्या गरेको जैमिनीघाट पनि हाम्रा सुप्रसिद्ध तीर्थस्थल र यिनको महत्वको प्रचार गर्न आफूहरू पर्यटन पूर्वाधारमा लाग्ने बताउँदै उहाँले यसका लागि सबै जिल्लाबासी लाग्नुपर्नेमा जोड दिए ।

अध्यक्ष ढकालले मानव जातीको सेवाका लागि मानव सेवा आश्रमले सातै प्रदेशमा चलाएको सडक मानव मुक्त अभियानको प्रशंसा गर्दै पवित्र कालीगण्डकी तटमा मानवताको मन्दिर निर्माण थालिएको बताएकोमा धन्यवाद दिए ।

उनले मानव सेवा आश्रममा लागेका मानव जीवनका प्रेरणाका स्रोत तथा मानव सेवाका अभियान्तालाई यसैगरी मानवीय भावनामा लाग्ने प्रेरणा जागोस भन्ने चाहेको पनि बताए ।

विपद्को पूर्व तयारी गरौं

भूकम्प, बाढी, पहिरो, डुबान, आलगागी, हावाहुरी, चट्याङजस्ता विपद्जन्य जोखिमबाट जोगिन:

- घर निर्माण गर्दा प्राविधिक मापदण्ड पालना गरौं,
- जोखिमयुक्त ठाउँमा बसोबास नगरी सुरक्षित स्थान रोजौं,
- आपतकालीन सामाग्री (खानेपानी, औषधि, टर्च, कागजात आदि) सधैं तयार राखौं,
- विद्यालय, कार्यालय र समुदायमा विपद् व्यवस्थापन योजना बनाऔं,
- अफवाह नफैलाऔं–आधिकारिक जानकारीमा मात्र भर परौं ।

विपद् रोक्न सकिँदैन, पूर्व तयारी गरे क्षति घटाउन सकिन्छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ